# लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमता

शोधार्थी
**शम्भुलाल श्रेष्ठ**
त्रि.वि. दर्ता नं. १७२१६-८९
परीक्षा क्रमाङ्क: २८८००३७/२०६७

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय, आदिकवि भानुभक्त
बहुमुखी क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभाग
स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि.
५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

आदिकवि भानुभक्त क्याम्पस
दमौली, तनहुँ
२०७१/२०१५

## शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत आदिकवि भानुभक्त क्याम्पस दमौलीमा स्नातकोत्तर तह नेपाली शिक्षा विषय द्वितीय वर्षमा अध्ययनरत छात्र **शम्भुलाल श्रेष्ठ**ले मेरो प्रत्यक्ष निर्देशनमा विषयगत तथा स्थलगत अध्ययन गरी मिहेनतपूर्वक तयार गर्नु भएको **लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय, आदिकवि भानुभक्त क्याम्पस, नेपाली विभागमा सिफारिस गर्दछु ।

....................................
**सहप्रा.डा. ईश्वर चन्द्र वाग्ले**
विभागीय प्रमुख तथा शोध निर्देशक
आदिकवि भानुभक्त क्याम्पस
दमौली, तनहुँ

मिति : २०७१।११।
सन् : २०१५।०३।०७

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विषय अन्तर्गत एम.एड. तहको आवश्यकता परिपूर्तिका लागि **शम्भुलाल श्रेष्ठ**ले प्रस्तुत गर्नु भएको **लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**सहप्रा.डा. ईश्वर चन्द्र वाग्ले** ...................................
विभागीय प्रमुख तथा शोध निर्देशक

................................... ...................................
बाह्य परीक्षक

मिति : २०७१।११।
सन् : २०१५।०३।०७

# कृतज्ञताज्ञापन

हरेक समस्या समधान गर्न अनुसन्धान गर्नु पर्छ । अनुसन्धान गर्ने कार्य आफैमा जटिल विषय हो । त्यसमा पनि कथा लेखन क्षमताको अध्ययन गर्न अत्यन्त कठिन मानिन्छ । यसै विषयलाई मैले मेरो सोधपत्र स्नाकोत्तर तहको उपाधिको शैक्षिक प्रायोजनार्थ तयार पारेको छु । यस सोधपत्रमा लमजुङ जिल्लामा कक्षा आठमा अध्ययनरत विद्यार्थीको कथा लेखन क्षमता कस्तो छ ? सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुमा कथा लेखन क्षमता के कस्तो छ ? भन्ने तुलनात्मक अध्ययन गरि जानकारी दिने प्रयास गरिएको छ ।

प्रस्तुत शोध पत्रमा मेरो आदरणीय गुरु सह.प्रा.डा. ईश्वर चन्द्र वाग्लेको आवश्यक निर्देशन तथा सल्लाह सुझवमा तयार पारिएको छ । आफ्नो अनेकौं व्यवस्तातको प्रवाह नगरी अमूल्य समय दिइ शीर्षक छनौट देखि अन्तिम चरणसम्म उत्साह वर्द्धक प्रेरणा, हौसला, सही निर्देशन तथा महत्वपूर्ण सुझाव दिनु भएकोले यो कठिन कार्य पनि समयमै सहजताका साथ सफल भएको छ । यसका लागि म आदरणीय गुरुप्रति श्रद्दायुक्त कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत सोधपत्रको शीर्षक चयनदेखि अन्तिम अवस्थासम्म अमूल्य समय सुझाव दिइ सहयोग पुऱ्याउने मेरो आदरणीय मित्र काजीवाबु पौडेल र अमिर राज गुरुङ तथा गुरु रामकुमार अधिकारी प्रति पनि हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछ् ।

प्रस्तुत शोधपत्रका लागि आवश्यक सहयोग पुऱ्याउने विद्यार्थीहरुप्रति आभार प्रकट गर्न चाहान्छु । यसैगरी विद्यालय देखि विश्वविद्यालय तहसम्मको शिक्षाको बाटोतय गरि दिने मेरा पुज्यनीय बुबा आमा प्रति सदैव ऋणी नै छु । शोधकार्यका लागि आवश्यक समय मिलाई दिएर सहयोग पुऱ्याउने आत्मीय जीवन साथी विमला श्रोष्ठ प्रति पनि आभार व्यक्त गर्दै यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्र निर्माणको लागि सतर्कताका साथ कमप्यूटर टाइप गरि दिने जनक के.सी.प्रति पनि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शोधार्थी**

**शम्भुलाल श्रेष्ठ**

# विषयसूची


| क्र.सं. | पृष्ठसंख्या |
|---|---|
| **अध्याय एकः शोध परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधका उद्देश्यहरू | ३ |
| १.४ अध्ययनको औचित्य | ३ |
| १.५ अध्ययनको सीमाङ्कन | ४ |
| १.६ शोधपत्रको रूपरेखा | ५ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा** | |
| २.१ पूर्वकार्यको समीक्षा | ६ |
| २.२ समिक्षात्मक अध्ययनको उपयोग | ८ |
| २.३ सैद्धान्तिक अवधारणा | ८ |
| २.३.१ पृष्ठभूमि | ९ |
| २.३.२ कथाको परिभाषा | १० |
| २.३.३ कथाका तत्वहरू | १९ |
| २.४ लेखाइ सीप र  कथा विधा | १९ |
| २.४.१ लेखाइ सीप | २० |
| २.४.२ लेखाइ शिक्षणको महत्व र आवश्यकता | २१ |
| २.४.३ लेखाइ सीपको विकासमा कथालेखनको स्थान | २३ |
| २.४.४ विद्यालय तहमा कथा शिक्षणको प्रयोजन | २४ |
| २.४.५ निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रममा कथा विधाको स्थान र शिक्षण प्रक्रिया | २४ |
| २.५ सारांश | २६ |
| **अध्याय तिन : शोध विधि** | |
| ३.१ शोध विधि | २८ |
| ३.१.१ वर्णनात्मक अध्ययन विधि | २८ |
| ३.१.२ क्षेत्रीय अध्ययन विधि | २८ |

३.२ प्रतिनिधि विद्यार्थी र नमुना छनौट २९
३.३ सामग्री सङ्कलन २९
३.३.१ प्राथमिक सामग्री २९
३.३.२ द्वितीय स्रोत सामग्री २९
३.४ तथ्याङ्कको व्याख्या विश्लेषण ३०
**अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण**
४.१ समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति ३१
४.१.१. विषय संयोजन (शीर्षक र मौलिकता) का आधारमा ३१
४.१.१.१ शीर्षक ३१
४.१.१.२ मौलिकता ३२
४.१.२ प्रस्तुतीकरणका आधारमा ३३
४.१.२.१ संवाद तथा उखानटुक्का ३३
४.१.२.२ कथाको क्रमबद्धता र मूलभाव ३३
४.१.३ भाषिक शुद्धता ३४
४.२ समग्र आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति ३५
४.३ सारांश ३८
४.४ सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना ३९
४.४.१ विषय संयोजनका आधारमा ३९
४.४.२ प्रस्तुतीकरणका आधारमा ४०
४.४.३ भाषिक शुद्धताका आधारमा ४०
४.५ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी (पहिलो) भाषी तथा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना ४१
४.५.१ विषय संयोजनका आधारमा ४१
४.५.२ प्रस्तुतीकरणका आधारमा ४२
४.६ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना ४४
४.६.१ विषय संयोजनका आधारमा ४४
४.६.२ प्रस्तुतीकरणका आधारमा ४५
४.६.३ भाषिक शुद्धताका आधारमा ४५

४.७ सारांश ४६

**अध्याय पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४७

५.१.१ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको मूल्याङ्कनात्मक निष्कर्ष र सुझावहरू ४७

५.१.२ सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थितिको मूल्याङ्कनात्मक निश्कर्ष ४७

५.१.३ नेपाली मातृभाषी (पहिलो) भाषी र नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीको कथालेखन क्षमताको तुलनात्मक स्थितिको मूल्याङ्कन निष्कर्ष र सुझावहरू ४८

५.१.४ छात्र र छात्रा विद्यार्थीको कथालेखन क्षमताको तुलनात्मक स्थितिको मूल्याङ्कनात्मक निश्कर्ष एवम् सुझावहरू ४९

५.२ सुझाव ४९

**सन्दर्भ सामग्री सूची** **५२**

// शोध सार

**१. शोध शीर्षक -** प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता** रहेको छ ।

**२. शोध समस्या -** लमजुङ जिल्ला सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत नेपाली मातृभाषी र बेमातृभाषी विद्याथीहरूको कथा लेखन क्षमताको अवस्था कस्तो छ ? तुलनात्मक अध्ययन गरिएको छ ।

**३. शोधको उद्देश्य -** लमजुङ जिल्ला बाग्लुङपानी, नाल्मा, मालिङ, घलेउत्तर कन्या गा.वि.स. अन्तर्गतका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, विभिन्न भाषिक पृष्ठभूमिका आधारमा कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र विद्यार्थीहरूमा कथालेखनका क्रममा देखिएका कमिकमजोरीहरूको पहिचान गरि निराकरणका लागि आवश्यक सुझाव प्रदान गर्नु रहेको छ ।

**४. अध्ययनको सीमाङ्कन -** प्रस्तुत शोधपत्र निम्न लिखित सीमाभित्र रहेको छ ।

यो अध्ययन लमजुङ जिल्लामा रहेको ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थीहरूमा मात्र सिमित रहेको छ ।

**५. अध्ययन विधि -** प्रस्तुत अध्ययन कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययनसँग सम्बन्धित रहेको छ । जसमा विद्यार्थीलाई केन्द्रविन्दु बनाई नमुना सर्वेक्षण वा क्षेत्रीय अध्ययन विधिको प्रयोगबाट गरिएको छ । आ.व. ०६९/०७० मा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । संस्थागत र सामुदायिक विद्यालयका ८० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । लेखन क्षमताको परीक्षण सिर्जनात्मक लेखन अन्तर्गत कथालेखन क्षमताको अध्ययन गरिएको छ । जसमा निर्देशनात्मक र स्वतन्त्र दुवै प्रकृतिका कथालेखन क्षमताको अध्ययन गरिएको छ । विषय शिक्षकसँग छलफल गरी दुई दुई वटा नमुना छनोट गरी उक्त छनोट गरिएका शीर्षकलाई ८० जना विद्यार्थीमा पूर्व परीक्षण गरी त्यसको परिमाणका आधारमा आवश्यक संशोधन गरी छानिएको छ । निर्देशनात्मक लेखनमा बुदाँहरू दिएर र स्वतन्त्र लेखनमा शीर्षक दिएर आवश्यक पृष्ठपोषण दिई कथालेख्न लगाइएको छ । तत्पश्चात उत्तरहरू सङ्कलन गरी संस्थागत र सामुसदायिक, नेपाली मातृभाषी (पहिलो) र

नेपाली बेमातृभाषी (दोस्रो) भाषी, छात्र र छात्राको उत्तर पुस्तिका फरक फरक पारी तुलना र विश्लेषण गरिएको छ । जसमा विषय संयोजनका आधारमा शीर्षक र मौलिकता,प्रस्तुतीकरणका आधारमा संवाद तथा उखान टुक्का र कथाको क्रमबद्धता र मूलभावलाई आधार मानी र भाषिक शुद्धताका आधारमा गरिएको छ ।

६. **निष्कर्ष -** प्रस्तुत शोधपत्रको अध्ययन विभिन्न प्रतिनिधि नमूना छनोटका आधारमा अध्ययन गरी विश्लेषण गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता अगाडि रहेको पाइयो । त्यसै गरि भाषिक पृष्ठभूमिका आधारमा नेपाली बेमातृ (दोस्रो) भाषी विद्यार्थीहरू भन्दा नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीहरू नै अरु भन्दा अगाडि रहेको पाइयो । त्यस्तै लैङ्गिक पृष्ठभूमिका आधारमा छात्राहरू भन्दा छात्रहरूको कथालेखन क्षमता अगाडि रहेको पाइयो र निर्देशनात्मक कथालेखनमा भन्दा स्वतन्त्र कथालेखनमा थोरै मात्रामा भए पनि अगाडि नै पाइयो ।

# अध्याय - एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

भाषा मानवीय वस्तु हो । भाषा विचार विनिमयको माध्यम भएकाले एक आपसमा विचार आदान प्रदान गर्न सहयोग गर्दछ । भाषाका चारवटा सीपहरू पढाइ,लेखाइ, सुनाइ र बोलाइ एक अर्कासँग अन्तर्निहित रहेका हुन्छन् । यी सीपहरूमध्ये सुनाइ र पढाइ ग्रहणात्मक सीप हुन् । सुनाइ र बोलाइ सीपलाई सरल सीपका रूपमा मानिन्छन् भने पढाइ र लेखाइ तुलनात्मक रूपमा केही जटिल मानिन्छन् । कक्षाको स्तर अनुसार यी चारवटै सीपहरूको विकास समान रूपमा हुनु जरुरी हुन्छ ।

भाषाका विभिन्न भाषिक सीपहरू मध्ये लेखाइ सीप गहन र जटिल सीपका रूपमा लिइन्छ । अन्य विविध पक्षमा लेखाइ सीपको विकासमा महत्वपूर्ण भूमिका रहन्छ । व्यक्तिले समाजमा एक आपसमा पत्राचार गर्न, विभिन्न पत्रपत्रिका तथा ग्रन्थहरूबाट विचारहरू लिएर बौद्धिकताको विकास गर्न लेखाइ सीपको स्थान उच्च रहन्छ । त्यस्तै लेख्य अभिव्यक्तिका माध्यमले व्यक्तिले आफ्ना कल्पना, भावना, विचार अरु समक्ष प्रस्तुत गर्ने अवसर प्राप्त गर्दछन् । लेखाइ सीप शिक्षण सिकाइ क्रियाकलापको महत्वपूर्ण अङ्ग पनि हो । विद्यालय तहका तल्ला तहदेखि नै विद्यार्थीहरूमा लेखनकलाको विकास गर्दै लैजानु पर्दछ । शब्दभण्डारको वृद्धि गर्न, सिर्जनात्मक क्षमताको विकास गर्न सक्ने क्षमताको विकास गराउन विद्यालयका तल्ला तहदेखि नै कथा लेखन महत्वपूर्ण क्रियाकलापका रूपमा लिइन्छ ।

कथालेखन एक महत्वपूर्ण विषय हो । विद्यार्थीहरूको स्तरसुहाउँदा,पढेलेखेका,जानेबुझेका, पाठ्यपुस्तकसँग मिल्दा जुल्दा, समसामयिक शीर्षकहरू छनोट गरी विद्यालयका तल्ला तहदेखि नै कथा लेख्न लगाउनु पर्दछ । उनीहरूले कथालेखनका क्रममा प्रस्तुत गरेका शैली, विचारको श्रृङ्खलावद्ध रूपमा अभिव्यक्ति गर्ने क्षमता आदिको पहिचान गरी अध्ययनका क्रममा देखिएका कमिकमजोरी समस्याका रूपमा रहनेछन् । त्यसै गरी भाषिक पृष्ठभूमिका आधारमा, नेपाली मातृभाषी र अनेपाली मातृभाषी विद्यार्थीहरूका वीच लेखनको स्थिति के कस्तो रहेको छ भन्ने पक्षलाई यहाँ समस्याको रूपमा लिइने छ । विद्यार्थीहरूलाई तल्लो तहदेखि नै उनीहरूसँग चिरपरिचित विषयसँग सम्बन्धित रहेर कथा लेख्न लगाइन्छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययनमा सीमित रहेर यो अध्ययन

गर्न लागिएको हो । त्यसै गरी उच्च तहसम्मका पाठ्यपुस्तकहरूमा स्तर सुहाउँदा कथा लेखन सम्बन्धी पाठ्यपुस्तकलाई महत्व दिइरहेको अवस्थामा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको क्षमता पहिचान गर्न जरुरत हुन्छ । कमिकमजोरीहरू औल्याइ आवश्यक सुझाव पहिल्याइ माथिल्लो तहमा कथा लेखन क्षमता विकासका लागि पूर्व सचेत हुन आवश्यक छ । उचित क्रियाकलाप संचालन गर्न सहयोग गर्ने अपेक्षा प्रस्तुत अध्ययनबाट लिइएको छ ।

## १.२ समस्या कथन

कुनै पनि अनुसन्धेय विषय नै समस्या हो अध्ययन अनुसन्धानका लागि त्यसमा निहित समस्यालाई केलाउनु महत्वपूर्ण मानिन्छ । सम्पूर्ण शोध कार्य समस्यामा नै केन्द्रित भई त्यसैको समाधान तिर उन्मुख रहन्छ । अनुसन्धान गर्नका लागि छानिएको कुनै पनि अनुसन्धेय विषय वस्तुलाई अगाडि बढाउनु पर्छ ।

विद्यार्थीलाई मनोरन्जन दिने र रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने विविध विधा मध्ये कथा विधा पनि पर्दछ । विद्यार्थीहरूको अन्तर निहित क्षमताको विकास गर्नु पर्ने दखिन्छ । त्यसको लागि विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन आवश्यक छ । त्यसको लागि समस्या पत्ता लगाएर नै समाधान गर्न सकिने भएकोले समस्या पत्ता लगाउनुपर्ने भएको हो । त्यसैले संस्थागत र सामुदायिक विद्यालयको विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययनका साथै नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको क्षमतालाई अध्ययनको समस्यालाई निम्न लिखित बुँदामा प्रस्तुत गरिएको छ ।

(क) लमजुङ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता के कस्तो छ ?

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा कथालेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

ग) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

## १.३ शोधका उद्देश्यहरू

कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन सम्बन्धी अध्ययनका निम्न लिखित उद्देश्यहरू रहेका छन् :-

(क) लमजुङ जिल्ला कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु ,

(ख) सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(ग) भाषिका पृष्ठभूमिका आधारमा कथा लेखन क्षमताको अध्ययन गर्नु,

## १.४ अध्ययनको औचित्य

भाषा मानव जातिको अमूल्य सम्पत्ति हो । भाषा विचार विनिमय गर्ने माध्यम हो । भाषाका लेख्य र कथ्य रूपमध्ये लेख्यरूपको अझ महत्व रहन्छ । जुनसुकै व्यक्तिका जीवनका आँसु, हाँसो, भावना विचारको प्रवाह भाषाले गर्दछ । लेखाइ सीपको विकास गर्न कथालेखनले सहयोग पु-याउँछ । विद्यार्थीहरूको स्तर, रुचि, पूर्वज्ञान र मनोविज्ञानलाई समेत ख्याल गरेर कथालेखन विधाको निमार्ण भएको हुनुपर्दछ । भाषिक दृष्टिले कुनै पनि विधाको अध्ययन गर्दा त्यस विधामा के-कस्ता कमिकमजोरी छन् । विद्यार्थीहरूको स्तर, रुचि, पूर्वज्ञान, उमेर र मनोविज्ञानलाई समेत ख्याल गरेर विधाको निर्माण गरिएको हुनु पर्दछ ।

भाषाको प्रदानात्मक सीपमध्ये लेखाइ सीप पनि एक हो । लेखाइ सीप विकासका निम्ति कथालेखन ज्यादै महत्वपूर्ण पक्ष हो । कथा लेखनका माध्यमबाट व्यक्तिले विविध भाषिक सीपहरूको विकासमा टेवा पुग्ने हुनाले यसको शिक्षण निकै महत्वपूर्वक लिनु पर्ने हुन्छ । विद्यालय तहका अतिरिक्त उच्च तहमा पनि कथा शिक्षणलाई विशेष महत्वका साथ हेरिएको छ । भाषाका चार वटा सीपमध्ये लेखाइ सीपले लिखित अभिव्यक्ति क्षमताको विकासमा टेवा पुग्छ । कुनै पनि व्यक्तिले भन्न खोजेका कुराहरू कसरी अभिव्यक्त गर्दछ भन्ने कुरा लेखाइ सीपको परीक्षणबाट प्रष्ट हुन्छ । यस आधारमा तोकिएका तहका विद्यार्थीहरूको लेखाइ क्षमताको पहिचान गरी सोही तथ्यका आधारमा भाषिक सीपसँग सम्बद्ध पाठ्यांशलाई पाठ्यपुस्तक निर्माणका क्रममा छनोट र स्तरण गर्न यस प्रकारका

अध्ययनले सहयोग पुग्दछ । निम्न माध्यमिक तहका विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गरी सोही वमोजिम क्रियाकलापमा सरलता, सहजता मिल्ने अपेक्षा पनि यस शोध अध्ययनबाट गरिएको छ ।

हालसम्म कथालेखन सम्बन्धी अध्ययन विभिन्न तहहरूमा केहीमात्रमा भएको भएता पनि लमजुङ जिल्लाको बाग्लुङपानी, मालिङ, नाल्मा, र बेशिसहर भित्रका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन नभएको हुँदा यस अध्ययनबाट कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गरी सोही अनुरूप क्रियाकलाप अवलम्बन गर्ने उद्देश्यले उक्त अध्ययन गर्नु औचित्यपूर्ण हुन्छ । कथालेखन क्षमताको अभ्यासबाट विद्यार्थीहरूमा शव्दभण्डारको विकास तथा सिर्जनात्मक लेखन क्षमताको विकास हुन्छ । यस अध्ययनले पाठ्यक्रमविद् शिक्षक, अभिभावक र सम्बन्धित सबैलाई सहयोग पुग्ने अप्रेक्षा गरिन्छ । यो अनुसन्धानले समयानुकूल पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण प्रक्रिया, पद्धतिको परिमार्जन गर्दै लैजान, विद्यार्थीहरूको भाषिक लेखन सम्बन्धी कमिकमजोरी औंल्याउँन र यस सम्बन्धी अध्ययन अनुसन्धान गर्नेलाई थप सहयोग मिल्ने आशा राखिएको छ । त्यसैले यस प्रकारको महत्वपूर्ण विषयलाई समस्याको रूपमा प्रस्तुत गरिएको छ । यही नै यस शोधकार्यको औचित्य हो ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनै पनि अनुसन्धानले सबै क्षेत्रलाई समेट्न असमर्थ हुने हुँदा यसको सीमाङ्कन गर्नुपर्दछ । सीमा नतोकी गरिएको अनुसन्धानले निश्चित बाटो अबलम्वन नगरी लगाम विनाको घोडा जस्तो हुन्छ । त्यसैले यस अनुसन्धानको पनि व्यापकता र गहिराइ क्षेत्र निश्चित गरी सीमाङ्कन गरिएको छ । जुन शोधकार्य निम्नलिखित सीमाभित्र आबद्ध रहेको छ :-

क) यो अध्ययन लमजुङमा रहेको ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी १० वटा विद्यालयका ८० जना विद्यार्थीहरूमा मात्र सिमित रहेको छ :

(अ) श्री न्यू इरा, बुद्ध मेमोरियल, अर्थली प्याराडाइज, विद्याविकास, भू.पू सैनिक, आवासीय स्कुल, लमजुङ,

(आ) श्री जनज्योति माध्यामिक विद्यालय, अन्नपूर्ण मा.वि., शारदा मा.वि., घले उत्तरकन्या मा.वि., त्रिभुवन विद्याश्रम मा.वि., लमजुङ,

ख) लमजुङ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमात्र अध्ययनका लागि छनौट गरिएको छ ।

ग) शोधका लागि संकलित तथ्याङ्क लैंगिकता, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृतिका आधारमा मात्र विश्लेषण र तुलना गरिएको छ ।

घ) अध्ययनको निष्कर्ष आफूले गरेका अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा मात्र निकालिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्ययय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तिन : शोध विधि

अध्याय चार : सैद्धान्तिक अवधारणा

अध्याय पाँच : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय छ : निष्कर्ष र सुझाव

सन्दर्भ सामग्री सूची

# अध्याय-दुई
# पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

विद्यार्थीहरूको लेखन क्षमताको अध्ययन सम्बन्धी थुप्रै अध्ययन अनुसन्धानहरू भएका पाइन्छन् । ती अध्ययनहरूले लेखाइ सीप विकासको सीमित पक्षलाई मात्र समेटेको पाइन्छ । कथालेखनबाट विद्यार्थीहरूको साहित्यप्रति उत्सुकता, रुचि, प्रेरणा मिल्ने हुँदा कथालेखन क्षमताको अध्ययनले उर्जा प्रदान गर्दछ । लिखित अभिव्यक्ति क्षमताको महत्वपूर्ण पक्ष नै कथा लेखन हो । यसले सिर्जनात्मक क्षमताको विकास गराउने उद्देश्य अनुरूप विद्यालय तहको प्राथमिक तह देखि नै कथा लेखन गराइ उनीहरूको क्षमतामा वृद्धि, शब्दभण्डार, वाक्यगठन र अभिव्यक्ति कलाको विकासमा समेत टेवा पुऱ्याउँछ । यहाँ विभिन्न विद्वानहरूले तयार पारेका विभिन्न तहका पाठ्यपुस्तकहरू र कथालेखन क्षमताको अध्ययन सम्बन्धी शोध प्रतिवेदनहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

अधिकारी (२०३९) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा नेपाली भाषा शिक्षणका लागि कथा विधा निकै उपयोगी भएको कुरा उल्लेख गरिएको छ । घटनाको विस्तारले विद्यार्थीले विषयवस्तु सजिलै पहिल्याउन सक्छन् साथै कथा विधाको शिक्षणले विद्यार्थीको बोध क्षमताको पनि विकास गराउन सकिने कुराको उल्लेख गरिएको छ ।

अधिकारी (२०४०) द्वारा **नेपाली वर्णविन्यासमा पाइने त्रुटिहरूको अध्ययन**मा हेमाङ्गराज अधिकारीद्वारा भाषिक पक्षमा वैकल्पिक प्रयोगका कारणले ठीक प्रयोग हुने र ठीक प्रयोग नहुने, कुन ठाउँमा कुन वर्ण लेख्नुपर्नेमा कुन वर्ण लेखी त्रुटि गरिएको छ भनी राम्रोसँग विश्लेषण गरिएको पाइन्छ ।

लम्साल र अन्य (२०४०) द्वारा **शिक्षा प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थीहरूको लेखन सम्बन्धी क्षमताको एक अध्ययन**मा लघु अनुसन्धान गरिएको पाइन्छ, जसअनुसार पूर्व सेवाकालीन विद्यार्थीहरूका तुलनामा सेवाकालीन समूहका विद्यार्थीहरूको लेखन क्षमता बढी सक्षम देखिन्छ भन्ने निष्कर्ष निकालिएको त्यो अनुसन्धान कार्यले प्रमाण पत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा लेखन अभिव्यक्तिका कतिपय त्रुटिहरूका पक्षलाई भने समावेश गरेर केलाउन सकेको देखिदैन ।

शर्मा (२०४८) द्वारा **सिर्जनात्मक लेखन र आख्यान विधा** नामक पुस्तकमा साहित्य विधाका दृष्टिले कथा र उपन्यास दुवै भिन्न र स्वतन्त्र विधा हुन तापनि यी आख्यानात्मक विधा भएकाले संरचक घटकहरू समान रहेको पाइन्छ । यी दुवै विधामा कथानक गौण र विषयवस्तुलाई प्राथमिकताका साथ हेरिन्छ । आख्यानको संरक्षक घटक एउटै भएपनि यस अनुसन्धानमा कथा लेखनलाई अगाडि बढाइएको छ । यस लेखनमा कथा लेख्ने तरीका, त्यसका लागि आवश्यक तत्व र विधिलाई सरल ढङ्गले प्रस्तुत गरिएको छ । कुनै पनि कथाको घटनावली कालक्रममा लैजाने विधि तथा कथानक कार्यकारणको सम्बन्ध जस्ता कुरालाई सरल ढङ्गले प्रस्तुत गरिएको छ । कुनै पनि कथामा आदि, मध्य, अन्त्य भागको आवश्यकता रहन्छ । यसका आधारमा पात्रको चयन गरी विषयवस्तुलाई अगाडि बढाउनु पर्दछ । अनि मात्र आख्यानले जीवन्तता प्रात्त गर्दछ भन्ने कुरासमेत यसमा उल्लेख गरिएको छ ।

अधिकारी (२०६३) द्वारा **नेपाली भाषा शिक्षण**मा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ शिक्षणको चर्चा गरिएको छ । जसमा लेखाई सीपको मह□व, आवश्यकता, लेखाइमा पाइने त्रुटिहरू, लेखाइ शिक्षणका कार्यकलापहरू आदि विषय समेटिएका छन् । लेखाइ सीप शिक्षणका सम्बन्धमा विशेष चर्चा गरिएतापनि लेखन क्षमता सम्बन्धमा केही चर्चा भएको छैन ।

आचार्यद् (२०६३) द्वारा **कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन** सम्बन्धी शोधपत्रमा कक्षा ६ को पाठ्यपुस्तक अनुसार विषयवस्तुको चयन नभएको, उद्देश्यगत आधारमा सुनाइ, बोलाइ, पढाइलाई भन्दा लेखाइ सीपमा बढ्ता जोड दिइएको नमूना अध्ययनलाई पाठ्यक्रमानुसार स्तर सापेक्ष स्तरीय रूपमा समायोजन गर्ने प्रयास गरिएको निष्कर्ष  निकालिएको छ ।

भण्डारीको (२०६३) द्वारा **कक्षा चार पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन** नामक शोधपत्रमा लेखनकला सम्बन्धी अध्ययन गरिएको छ । ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन अभिव्यक्ति क्षमताका वीचमा तुलना गरी ग्रामीण विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता १० प्रतिशतले बढी भएको कुरा उक्त शोधपत्रमा उल्लेख गरिएको छ ।

आचार्य र गौतम (२०६५) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तकमा लेखाइ शिक्षणको चर्चा गरिएको छ । जसमा लेखाइको माध्यमले कुनै पनि व्यक्तिले आफ्ना मनमा लागेका भावना, वेदना, कल्पना अरु समक्ष राख्न पाउने भएकाले मनोवैज्ञानिक तवरबाट उसलाई आत्मसन्तुष्टि प्राप्त हुन्छ । यसरी लेखन क्षमताको माध्यमबाट मनका कुराहरू सार्वजनिक गर्न सकिन्छ भन्ने कुराको जानकारी दिन खोजिएको छ ।

यसरी विस्तृत रूपमा विभिन्न पाठ्यपुस्तकका अतिरिक्त शोधपत्रमा कथालेखन क्षमताको अध्ययन विश्लेषण गरिएको भए तापनि कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन खासै गरिएको पाइदैन । कथा लेखन क्षमतामा अध्ययन अनुसन्धानहरू ज्यादै न्यून रहेको पाइन्छ । शिक्षणीय प्रयोजनले तयार पारिएका पाठ्यपुस्तक भए पनि यस अनुसन्धानलाई सामग्री सङ्कलन र व्याख्या विश्लेषणका लागि उपयोगी हुने देखिन्छ ।

## २.२ समिक्षात्मक अध्ययनको उपयोग

कुनै पनि कार्यलाई सफल पार्नको लागि पूर्वकार्यको पनि समिक्षा गर्नु पर्ने हुन्छ । पूर्वकार्यको समिक्षाले उद्देश्य पुरा गर्न सरल र सहज बनाउने भएकोले नै माथि कथालेखन क्षमताको बारेमा अध्ययन भएको छ । कथा विधा भनेको एक सृजनात्मक विधा हो । लेखाई सिप विकासमा यसले महत्वपूर्ण भूमिका खेल्छ । कथा विधामा घटना क्रमले विद्यार्थीले विषयवस्तुलाई सजिलै आँकलन गर्न सक्छन् । कथा लेखन क्षमता विकास गर्न अभ्यासरत विद्यार्थीबाट बढी सम्भव हुन्छ भन्ने कुरा रामचन्द्र लम्सालले आफ्नो अध्ययनमा उल्लेख गरेका छन् । कथाको आदि मध्ये र अन्त्य भागले नै कथालाई मूर्त रुप दिन्छ । नेपाली भाषा शिक्षणमा लेखाई सिपको महत्व आवश्यकता कति हुन्छ भन्ने कुरा हेमाङ्गराज अधिकारीको लेखाई सिपमा पाइने त्रुटिहरुको अध्ययन भन्ने पुस्तकबाट पनि पुष्टि भएको छ । भाषिक सिपमा लेखाई सिपको अति महत्व रहेको छ । लेखाईको माध्यमले कुनै पनि व्यक्तिले आफ्नो मनमा लागेका भावना, वेदना, कल्पना अरु समक्ष राख्ने पाउने भएकोले मनावैज्ञानिक तवरबाट उसलाई आत्म सन्तुष्टि बढि प्राप्त हुन्छ । यसरी लेखन क्षमताको माध्यमबाट मनको कुरा अभिव्यक्त गर्न कथा विधा आवश्यक छ । भन्ने कुरा देखाउन खाजिएको छ ।

## २.३ सैद्धान्तिक अवधारणा

### २.३.१ पृष्ठभूमि

साहित्यका विभिन्न विधाहरूमध्ये एक प्रमुख विधा कथालाई मानिन्छ । भाषा शिक्षण गर्ने क्रममा विद्यार्थीहरूको चौतर्फी विकास गर्नका लागि यो विधालाई प्रयोग गर्न सकिन्छ र सोही अनुसार प्रयोग गर्ने गरिएको पनि छ । व्यक्तिलाई भाषिक सीपमा निपुण/दक्ष बनाउन ती मध्ये पनि विशेष गरेर लेखन सीपमा दक्ष बनाउनका लागि कथालेखन अत्यन्त उपयोगी हुन्छ । भाषा शिक्षणका सन्दर्भमा कथालेखन क्षमताको अध्ययन गर्नु उपयूक्त र आवश्यक देखिन्छ । सिर्जनात्मक अभिव्यक्ति कलाको प्रष्फुटन गराउन सहयोग गर्ने उपयोगी कथाको शाब्दिक अर्थदेखि सामान्य कथा सिद्धान्तको यहाँ तल क्रमशः चर्चा गरिन्छ-सँस्कृत भाषाको 'कथ' (कथने) धातुमा अङ् (अ) प्रत्यय लागेर 'कथ' शब्द बन्दछ । उक्त 'कथ' शब्दमा टाप् (आ) प्रत्यय लागेर कथा शब्दको निमार्ण भएको हो । यस क्रममा कथा शब्दलाई अझ प्रष्ट पार्ने क्रममा नेपाली शब्दकोषले यसरी परिभाषा गरेको छ, "पात्र, चरित्र वा घटनामा आधारित छोटो गद्यात्मक साहित्यिक रचना, घटना वा आख्यान भएको कहानी"भनेको छ । सँस्कृतमा कथागाथा, आख्यान, आख्यायिक भन्ने गरिन्थ्यो भने अंग्रजी भाषामा 'सर्ट स्टोरी' भनिन्छ भने हिन्दी र बङ्गाली भाषामा क्रमशः 'कहानी र गल्प भन्न थालियो । त्यसै गरी नेपाली भाषामा 'कथाकुथुङ्गी आहान' नाम दिइएको पाइन्छ । यसरी कथालाई विभिन्न भाषामा फरक फरक नामले पुकारिए पनि यो अहिले सर्वत्र र व्यापक रूपमा विस्तार भएको छ । कथा मानव जीवनमा घट्ने र घटिसकेका यथार्थ वा सम्भाव्य घटनाहरूको यथार्थमा आधारित वर्णन हुनाले यसलाई मानव जीवन जत्तिकै प्राचीन साहित्यिक विधा मानिन्छ । मान्छेले सभ्यताको प्रथम प्रहरदेखि नै आफ्नो निजी सम्वेदना, संवेग र अनुभूतिहरू उत्कर्ष र उमङ्गहरू आफ्नो निकटतम् व्यक्तिलाई अभिव्यक्ति गर्दै आएका आख्यानहरूलाई कथा नाम दिइयो । सुरुमा यसको प्रयोग मूलतःवयस्कहरूलाई कलाक्षेपणको रोचक अवसर प्रदान गर्न, केटाकेटीलाई फकाउन- फुल्याउन, नवयुवक-युवतीलाई मनोरञ्जन प्रदान गर्न प्रयोग गरिन्थ्यो । पछि आएर कथालाई पनि ऐतिहासिक, धार्मिक, दार्शनिक र नैतिक उपदेशात्मक, सजिला र रसिला माध्यम ठानी गद्यका अतिरिक्त पद्यमा समेत आबद्ध गरियो (उपाध्याय, २०४९:१३६) । सृष्टिको आदिम प्रहरमा जुनदिन प्रथम पटक आफ्नो जङ्ली अवस्थामा घटेका घटनाहरूलाई मानिसले आफ्नो समूहमा प्रस्तुत गरी समूहका अन्य सदस्यहरूलाई समेत

अवगत गरायो । त्यसै दिनदेखि मानव समाजमा आख्यान परम्पराको ढोका अघ्रियो (नेपाल, सन् १९८७ :१) । कथा मानव जीवनमा घट्ने र घटिसकेको यथार्थ वा सम्भाव्य घटनाहरूको यथार्थमा आधारित वर्णन हुनाले यसलाई मानव जीवन जत्तिकै प्राचीन साहित्यिक विधा मानिन्छ । मान्छेले सभ्यताको प्रथम प्रहरदेखि नै आफ्नो निजी संवेदना, संवेग र अनुभूतिहरू र उमङ्गहरू आफ्नो निकटतम् व्यक्तिहरूलाई अभिव्यक्त गर्दै आएका आख्यानहरूलाई कथा नाम दिइयो । पछि यी नै कथाहरूले लोककथा, पौराणीककथा, वैदिककथा, नीतिकथा, औपनिषदिककथा, अतिकल्पनात्मक कथा, ब्रह्मण कथा आदिमा समेत आख्यान तत्व प्रक्षेपण गरे (सुवेदी, २०५१:१) । यस अनुसार प्राचीन कालदेखि नै कथामा क्रमिक परिवर्तनहरू हुँदै आएको पाइन्छ । पूर्वीय जगत्का वेद, उपनिषद, रामायण, महाभारत जस्ता ग्रन्थहरूमा अनि वृहत कथा, पञ्चतन्त्र, हितोपदेश आदिमा समेत विभिन्न आख्यानहरू पाइन्छन् । पूर्वमा झै पाश्चात्य क्षेत्रमा पनि कथाको परम्परा पूरानै देखिन्छ । ग्रीसका वीरहरूको कथा, मिश्रका जादुगरका कथा साथै बाइवल आदिमा वर्णित थरिथरिका कथाहरू यसका उदाहरण हुन् ।

मानव सभ्यताको परिवर्तनसँगै कथाहरू पनि परिवर्तन हुँदै अर्थात आफ्नो स्वरूप फेर्दै आजको आधुनिक कथाका रूपमा स्थापित भएका छन् । कथाको विकास विभिन्न क्षेत्रमा विभिन्न समयमा विभिन्न तरिकाले भए पनि आधुनिक कथाको विकास भने सर्वप्रथम अंग्रजी र रुसी साहित्यमा भएको देखिन्छ । अंग्रजीमा अमेरिकाका एडगर एलेन पो 'सर्ट स्टोरी' का प्रथम स्रष्टा हुन अनि रुसी साहित्यमा भने एन. भी गोगल हुन् । यसरी उनीहरू बाट आधुनिक कथा फैलिदै गएको हो । अहिले आएर कथाले एक सशक्त विधाको रूपमा आफ्नो अस्तित्व स्थापित गरिसकेको छ ।

## २.३.२ कथाको परिभाषा

कथाको विकाससँगै यसलाई अर्थ्याउने क्रममा पूर्वीय तथा पाश्चात्य जगत्मा स्थापित विभिन्न विद्वानहरूले कथाको परिभाषा आ-आफ्ना ढङ्गले दिएका छन् । आधुनिक कथाको विकास पश्चिमी क्षेत्रमा भएको भए पनि यसको बीज भने पूर्वीय साहित्यमा पनि प्रशस्तै मात्रामा पाइन्छ । सँस्कृत साहित्यका पतञ्जली र कात्यायन महर्षिले कथाका बीज आख्यानको परिभाषा दिने प्रयास गरेका छन् । अनि वेदव्यासले पनि आख्यानको परिचय दिने काम महाभारतमा ३-११-३६ सुक्ति र भागवत् गीताको १७ अध्यायको १५ औ श्लोकमा यसो

भनिएको छः- आवेग र उत्तेजनामा नलागिकन आफ्नो स्वतन्त्र अध्ययनद्वारा वचनमय तपस्या सिद्ध गर्न सकिने सत्य, शिव र प्रिय हुने आख्यानलाई कथा भनिन्छ ( सुवेदी, २०५१:९) । त्यसै गरी वात्स्यन मुनि र कौटिल्यको योगदान पनि त्यसपछि उल्लेख्य योगदान हुन् । यसरी नै अमरकोशकार अमरसिंहले पनि आफ्नो कृतिको शब्दवर्गको ५/६ पद्यमा विशेष प्रकारको अभिकथन प्रस्तुत गरेका छन् । प्रबन्ध कल्पना, कथा प्रवल्लिका, प्रहेलिका र उपाख्यायिका आदि आख्यानहरूका भेदहरू मानिन्छन् । सँस्कृत साहित्यका समीक्षा शास्त्रीहरूले पनि कथाको छुट्टै पहिचान देखाएका छन् । जसमा भामह, दण्डी, अग्निपुराणकार वाणभट्ट, आनन्दवद्र्धन तथा विश्वनाथ आदि प्रमुख मानिन्छन् । यी सबै मध्ये भामहको मतलाई महत्वपूर्ण मानिन्छ । उनका अनुसार आख्यान, आख्यायिका र कथा दुई भागमा विभाजित छन् । कथाकारले कल्पनाका आधारमा तयार पारेको नायक नै आख्यानको कथयिता हुन्छ अनि यो विशुद्ध सँस्कृत भाषामा लेखिएको हुनु पर्छ । कथा चाहिँ सत्य घटना आश्रयी हुन्छ र त्यो जुनसुकै भाषामा लेखिएको हुनसक्छ । आख्यायिका र कथा दुबै आख्यान श्रृङ्खलालाई अध्याय वा परिच्छेदमा विभाजित हुनु पर्छ (सुवेदी, २०५१ : ९) । दण्डीले भने भामहका दुई भेदको खण्डन गरी गद्याख्यानका पाँच वटा भेद उल्लेख गरेको पाइन्छ । त्यसरी नै अग्नि पुराणमा पाँच वटा गद्याख्यानको भेदको चर्चा गरिएको छ, जुन दण्डी भेदसँग मेल खान्छ ।

पूर्वीय आचार्यहरू र पाश्चात्य विद्वानहरूको कथा सम्बन्धी परिभाषा भिन्नाभिन्नै रहेको पाइन्छ । मूलतःपाश्चात्य जगत्मा विकसित हुँदै आएको सट-स्टोरी पूर्वीय मान्यता भन्दा फरक छ । त्यसैले यसको परिभाषा पनि भिन्न हुनु स्वभाविकै देखिन्छ । यसै सन्दर्भमा आधुनिक कथाका जन्म दाता एड्गर एलेनपोले सन् १८४२ मा कथाको परिभाषा यसरी दिएका छन् "लघु कथा यस्तो साहित्यिक विधा हो, जो एक वसाइमा पढी सकिने र स्वयम्मा पूर्ण इतिवृति हो । यहाँ एउटा विशिष्ट प्रभाव उत्पन्न गरिएको र त्यस प्रभावलाई गतिशील बन्न बाधा पु-याउने सार-तत्वको निराकरण गरिएको हुन्छ" (वराल, २०५६ चौथो सं. : ३६) । त्यसै गरी सर ट्युपोलले कथाको परिभाषा यसरी प्रस्तुत गरेका छन् "कथामा एउटै प्रसङ्ग हुनु पर्छ, अप्रत्याशित रूपमा चरमोत्कर्ष प्राप्त हुनुपर्छ । घटना र स्थितिको विवरण पूर्ण हुनु पर्दछ । अनि सबै भन्दा महत्वपूर्ण उपलब्धि के पनि हुनु पर्छ भने संशयरहित एवम् सन्तोषजनक निष्कर्ष दिने अभिव्यक्ति हुनु पर्दछ । (ढुंगेल, २०६४ दोस्रो सं. :२) यहाँ ब्रेन्डर म्याथु कथालाई यसरी परिभाषित गर्दछन्, "कथाले अन्ततः एकै मात्र चरित्र

वा एउटै परिस्थितिबाट उद्भूत विभिन्न संवेगहरूको श्रृङ्खलासँग मात्र सरोकार राख्दछ । यसमा अङ्गगत समन्विति हुन्छ ।" त्यसै गरी प्रसिद्ध अंग्रेजी साहित्यकार तथा समीक्षक एच.जि.वेल्सले कथाको परिभाषा यसरी प्रस्तुत गरेका छन्, "वीस मिनेटमा पढिसकिने कुनै आह्लादपूर्ण प्रस्तुतियूक्त आख्यानात्मक रचना विशेष कथा हो" (थापा, २०४२ दोस्रो सं. : ३४) ।

यसरी पाश्चात्य जगत्का विभिन्न विद्वानहरूले कथालाई परिभाषित गरेका छन् तर पनि धेरै जसो समीक्षकहरूले कथाको आकृति र विशेषताका बारेमा भन्दा एड्गर एलेनपोकै विचारलाई आत्मसात गरेको पाइन्छ । यति भएर पनि त्युपोलको परिभाषा भने एडगरको भन्दा केही पृथक छ : उनी भन्छन्, "कथा यस्तो हुनु पर्छ जो विषयहरूको तथ्य तालिका, घटना र दुर्घटनाले भरिएको होस्, गतिमय होस् र जो कौतुहल वा सन्देहको सहायताले अप्रत्यासित ढंगले विकसित हुँदै पराकाष्ठमा पुगेर चित्त बुझ्दो पाराले उपसंगिहृत होस्" (उपाध्याय, २०४९:१४२) ।

हिन्दीका गुलाम रायले कथालाई यसो भनेका छन् , "कथा एक स्वतन्त्रपूर्ण रचना हो, जसमा एक तथ्य वा प्रभावलाई अग्रसर गर्न व्यक्ति केन्द्रित घटना वा घटनाहरूको आवश्यक उत्थान, पतन र मोडका साथै पात्रहरूको चरित्र माथि प्रकाश पार्ने कार्य हुन्छ" (उपाध्याय, २०४९:१४३) । नेपाली साहित्यका प्रसिद्ध व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटा भन्छन् - "कथा एउटा सानो आँखी झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ । .......थोरैमा मिठो र भरिलो हुनु छोटो किस्साको बानी हो यो पनि एउटा सानो संसार हो "(सुवदी, २०५१:१५) । त्यसै गरी अर्का विद्वान प्राध्यापक मोहनराज शर्माको परिभाषा भने यस्तो छ - "परिवेश आख्यान र प्रतिक्रियाको अन्तर्निहित योजनामा बाँधिएर प्रतिफलित हुने लघु विस्तार भएको गद्य सङ्कलनलाई साहित्यमा कथा भनिन्छ" (शर्मा, २०५० दोस्रो : १८) ।

कथाका यी परिभाषा बाहेक पनि थुप्रै परिभाषाहरू छन्, कथाको स्वरूपलाई प्रष्ट पार्नका लागि के निचोड निकाल्न सकिन्छ भने-कथा कुनै निश्चित संरचनामा संरचित, प्रभावपरक,कल्पनापरक र कलात्मक आख्यानयूक्त संक्षिप्त गद्यात्मक लेख हो,जसमा पात्र र वातावरणको समन्वय समेत पाइन्छ ।

### २.३.३ कथाका तत्वहरू

कथा संक्षिप्त लघु आयाम भएको स्वतन्त्र यौगिक रचना हो । विविध तत्वहरूको बीचमा अन्योन्याश्रित सम्बन्धबाट सिङ्गो अर्थपूर्ण कथाको निमार्ण हुन्छ । कथालाई पूर्णरूप प्रदान गर्नका लागि आवश्यक पर्ने विभिन्न अवयवहरूलाई नै कथाका तत्व भनिन्छ । कथाका तत्वहरू यति नै हुन्छन् र ती यीनै हुन भनी किटान गर्न सकिएको छैन किनकि विभिन्न कथाकार तथा समालोचकहरूले आ-आफ्नो ढङ्ग र ढाँचामा यसका तत्वहरूको उल्लेख र चर्चा गरेका छन् । कथाका तत्वहरूका सम्बन्धमा नेपाली साहित्यकारको वर्गीकरण यहाँ तल क्रमशः प्रस्तुत गरिन्छ । राजेन्द्र सुवेदी कथाका निम्न तत्वहरू हुने बताउँछन् - (१) कथानक (२) पात्र (३) क्रियाकलाप (४) कथोपकथन (५) घटना (६) द्धन्द्ध (७) परिवेश (८) कौतूहल (९) चरमोत्कर्ष र (११) फलागम वा प्रभावान्विति (सुवदी, २०५१:२३) । त्यसै गरी डा ऋषिराज वराल कथा बन्नका लागि निम्न लिखित तत्वहरूको आवश्यकता पर्दछ भन्दछन् - (१) कथानक (२) चरित्रहरू (३) उद्देश्य (४) दृष्टिबिन्दु (५) भाषा (६) चित्तवृत्ति तथा पर्यावरण (७) लय र गति (८) विम्व र प्रतीक (वराल, २०५७:४ ) । कथाकार भोजराज ढुंगेल कथाका निम्न तत्वहरू हुनु पर्दछ भन्दछन्- (१) कथावस्तु (२) कथोपकथन (३) चरित्रचित्रण (४) दृष्टिबिन्दु (५) देश, काल र वातावरण (६) भाषाशैली (७) उद्देश्य (ढुंगेल २०६३:५ ) त्यसै गरी प्रा. मोहनराज शर्मा कथामा सबै तत्वहरूलाई खास गरी दुई भागमा बाँड्दछन्, ती हुन् (१) स्थूल उपकरण र (२) सूक्ष्म उपकरण । यस मध्ये स्थूल उपकरणलाई उनी निम्न भागमा बाँड्दछन् - (१) कथानक (२) चरित्र र (३) परिवेश । यस्तै सूक्ष्म उपकरणलाई पनि निम्न भागमा बाँड्दछन् - (१) विषयवस्तु (२) भाषा (३) शैली (४) उद्देश्य र (५) दृष्टिबिन्दु (शर्मा, २०५०दोस्रो सं., २०) ।

यी भन्दा बाहेक अन्य धेरै कथाकार तथा समालोचकहरूले कथाका तत्वहरूका सम्बन्धमा चर्चा गरेका भए पनि सबै कथाकारको कुरा यहाँ उल्लेख गरिएन । कथाका तत्वहरूका बारेमा अन्य केही कथाकारहरूले कथा बन्नका लागि शीर्षक, उद्देश्य, विचार र उपसंहारलाई समेत हुने बताएका छन् । यसरी कथाका तत्वहरूको चर्चा गर्ने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नो किसिमले गर्ने गरेको कुरा पाइन्छ । कथाका तत्वहरूका बारेमा सबैलाई समेट्ने गरी वा सर्वमान्य रूपमा यहाँ क्रमशः निम्नानुसार छोटकरीमा चर्चा गर्न सकिन्छ :-

**(क) कथानक**

आख्यानात्मक कृतिमा योजनाबद्धरूपमा घटनाहरूको संयोजन भएको पाइन्छ । यही योजनाबद्ध ढाँचा नै कथानक हो । कथानकमा घटनाको विविधता भएता पनि कार्यकारण सम्बन्धका आधारमा प्रस्तुति हुने हुँदा क्रमबद्ध ढाँचामा व्यवस्थित रूपमा उनिएका हुन्छन् । कथानकसँग व्याख्यानका अन्य तत्वहरू सम्बन्धित रहन्छन् । आख्यानको प्रारम्भदेखि अन्त्यसम्म क्रमभङ्ग नभई कथानकको सक्रियता देखिनु यसको पहिचान हो । आख्यानको ढाँचा निमार्णमा यसले मूल खम्बाको काम गर्दछ । यो आख्यानलाई गतिशील बनाउने अङ्ग हो । अझ भन्नु पर्दा कथाको आधार स्तम्भका रूपमा लिइने कथानक कथाको घटनावलीको योजना अभिरेखा वा ढाँचालाई कथानक भनिन्छ (शर्मा, २०५० दोस्रो सं :२१)

कथानक विभिन्न क्षेत्रबाट छनोट गरी कथा तयार पार्न सकिन्छ । खास गरी कथाका स्रोतहरू मुलत : निम्न लिखित हुन सक्छन् - (क) इतिहास, (ख) यथार्थपरक, (ग) रागात्मक सौन्दर्य, (घ) स्वैरकल्पनात्मक  र ङ) मिथक आदि । कथानकका पनि विभिन्न प्रकार हुन सक्छन् । जसमा खास गरी कथानक मुख्य र सहायक हुन्छ । कथामा मुख्य कथानकको मात्र उपस्थिति भए राम्रो मानिन्छ तर हाल आएर विना कथानक पनि कथालेख्न थालिएको छ तर त्यसको गहन अध्ययन गरेर केलाएर हेर्दा भने क्षीण वा सूक्ष्म कथानक भएको पाइन्छ । एउटा कथाभित्र पनि साना-साना उपकथा र उपकथानकहरू हुन्छन् । यस्ता उपकथानकहरूले मूल कथानकको गति र प्रवाहलाई विस्तार गर्न सहयोग गर्दछन् । कथानकलाई आदि,  मध्य र अन्त्यको श्रृङ्खला मिलेर बनेको हुन्छ ।

ढाँचाका आधारमा पनि कथानक फरक-फरक हुन सक्दछन् । यस आधारमा (क) रेखीय कथानक  र (ख) वृत्ताकारीय कथानक गरी मूलतः दुई भागमा वर्गीकरण गर्न सकिन्छ । प्रारम्भदेखि अन्त्यसम्म आदि , मध्य, र अन्त्यको क्रममा सिलसिलाबद्ध रूपमा अगाडि बढेको, पछाडि नर्फकने र रैखिक ढाँचामा अघि बढ्ने कथानक रेखीय कथानक हो भने क्रम उल्टो पाल्टो गरी सरल रेखामा क्रमिक रूपमा अगाडि नबढ्ने, भुमरी परेको, पूर्वदीप्तिको प्रयोग भएको कथानक वृत्ताकारीय कथानक हो ।

**(ख) पात्र वा चरित्र**

कथानकलाई अघि बढाउनको लागि पात्र/चरित्रको आवश्यकता पर्दछ । पात्र विनाको कथाको कल्पना नै गर्न सकिन्न । कथामा देखिने मानवीय तथा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथालाई गतिशीलता दिने तथा कथानकका उपकरणका रूपमा रहेका द्धन्द, क्रियाव्यापार, कौतुहलता आदिलाई चलायमान गर्ने प्रमुख अंग पात्र नै हो । कथाकारले पात्ररूपी संयन्त्रको कुशल परिचालन गर्दा चरित्र चित्रणलाई विशेष ध्यान दिएका हुन्छन् । पात्र कै माध्यमबाट समाज, संस्कृति, चालचलन, रीतिरिवाज आदिको चित्रण सम्भव हुन्छ । पात्रले मानवका विभिन्न प्रवृत्तिको उद्घाटन, नवीन प्रसंगको सजीव चित्रण तथा सामाजिक, सांस्कृतिक, ऐतिहासिक पक्षको चित्रण गर्न सहयोगीको भूमिका निर्वाह गर्दछ ।

विभिन्न समयका विभिन्न विद्वानहरूबाट पात्रको वर्गीकरण आ-आफ्नै किसिमले गरिएको पाइन्छ । डा. ऋषिराज बरालले कथाका पात्रहरूलाई निम्नअनुसार वर्गीकरण गरेका छन् -

१. मुद्राका आधारमा : अन्तर्मुखी र बहिर्मुखी

२. चित्रणका आधारमा : स्थिर र गतिशील

४. प्रतिनिधित्वका आधारमा : प्रारूपीय र व्यक्तिवादी

४. विशेषताका आधारमा : गोला र चेप्टा (बराल, २०५७ दोस्रो संशोधन : ५)

त्यसै गरी राजेन्द्र सुवेदी पात्रको क्रियाकलापको आधारमा दुई भागमा विभाजन गर्दछन् : स्थिर र गतिशील पात्र । गतिशील पात्रको तुलनामा स्थिर पात्र बहिर्मुखी हुन्छन् । बहिरंग तरीकाबाट प्रस्तुत भएका पात्रहरूबाट अन्तर आशय व्यक्त हुन नसक्ने भएकाले अन्तररंग प्रणालीलाई प्रस्तुत गर्न अन्तर्मुखी पात्रको प्रयोग गरिन्छ (सुवेदी, २०५१ : ३६) । मोहनराज शर्माले भने पात्रहरूको वर्गीकरण व्यापक रूपमा निम्नअनुसार गर्दछन् -

१. लिङ्गका आधारमा : स्त्री र पुरुष पात्र

२. कर्मका आधारमा : प्रमुख, सहायक र गौण पात्र

४. प्रवृत्तिका आधारमा : अनुकूल र प्रतिकूल पात्र

४. स्वभावका आधारमा : गतिशील र गतिहीन पात्र

५. जीवन चेतनाका आधारमा : वर्गगत र व्यक्तिगत पात्र

६. आबद्धताका आधारमा : बद्ध र मुक्त पात्र

**(ग) परिवेश**

कथाका तत्वका रूपमा परिवेश भन्नाले कथाका घटनाहरू घटेको वा पात्रहरूले कार्यव्यापार सम्पन्न गरेको स्थान, समय र वातावरण भन्ने बुझिन्छ । यसलाई देश काल र वातावरण भनेर पनि चित्रण गरिएको पाइन्छ । कथामा परिवेशको चित्रण कथाकारले दुई तरीकाबाट गर्दछन् :

(१) समाख्यानात्मक विधि, जसलाई सोझै कथाकारले संक्षेपमा चित्रण गर्ने विधिलाई भनिन्छ ।
(२) दृश्यात्मक स्थिति, जसलाई पात्रहरूको माध्यमबाट दृश्य प्रस्तुत गर्ने विधि भनिन्छ ।

परिवेशले मुलत : कथाको सामाजिक पक्षलाई अंकन गर्दछ । पात्रको चरित्र अनुसारको परिवेश कथामा हुनु पर्दछ । कथाका पात्रको पर्यावरण अनुसारको भूमिका निर्वाह गरेको हुनुपर्छ । (ढुङ्गेल, २०६३:७) कथामा पात्रहरूले कार्य गर्ने र घटनाहरू घट्ने समय र ठाउँलाई परिवेश भनिन्छ । यस अन्तर्गत समय विशेष वा स्थान विशेषसँग चालचलन, रीतिस्थति वेषभुषा, रहनसहन आदि पर्दछन् । परिवेशको उपस्थितिले कथालाई यथार्थतातर्फ उन्मुख गराउँछ । परिवेशले कथामा स्थानीयताको झलक प्रस्तुत गर्दछ । मोहनराज शर्माका अनुसार, "परिवेश भनेको कथामा चरित्रले कार्यव्यापार गर्ने र घटनाहरू घट्ने वस्तु जगत् नै हो" । परिवेशका आधारमा कथालाई विभिन्न किसिमले विभाजन गर्ने गेरको पाइन्छ । यस आधारमा कथालाई प्रादेशिक, आञ्चलिक अथवा सार्वभौम भनेर पनि छुट्याइन्छ । कथामा परिवेशलाई कार्यपीठिका भनेर सम्बोधन गरिएको पाइन्छ । जे होस् परिवेश कथाको पृष्ठभूमि हो । कथामा स्थूल वा सूक्ष्म जुनसुकै भएपनि यसको उपस्थिति हुन्छ ।

**(घ) भाषा**

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम भएकाले कथा लगायत जुन सुकै साहित्यिक विधाहरूको खम्बा हो । साहित्यिक विधाहरूका विशेषताहरू समेत भाषामा नै निहित हुन्छन् । भाषा मानवीय अनुभूति र अभिव्यक्तिको माध्यम हो । भाषाकै माध्यमबाट कथावस्तुको विस्तार तथा पात्रहरूको चारित्रीकरण र तिनका कार्यव्यापारहरूको उद्घाटन गरिन्छ । भाषा विचारको तात्कालिक यथार्थ हो । कथामा प्रयोग हुने भाषा सधैं सबै ठाउँमा एकैनासको हुँदैन । कथामा भन्न खोजिएको कुरा वा विषयवस्तु पाठक वा श्रोता समक्ष

सजिलै पु-याउने वा नपु-याउने भन्ने कुरा भाषामा नै निहित हुन्छ । कलात्मक भाषा प्रयोग भएमा सबैले त्यसलाई सहजै स्वीकार गर्दछन् । मुख्यतया कथामा प्रयोग हुने भाषा निम्न तीन प्रकारका हुन्छन् - (१) उच्च प्रयूक्ति - तत्सम शब्दको बढी प्रयोग र काव्यात्मकता बढी भएको र प्रयोगका हिसावले अरु भन्दा अलिक कठिन हुने । (२) मध्यम प्रयूक्ति :- यो भाषा काव्यात्मक भए पनि सरल हुन्छ । यस्तो प्रयूक्तिमा विभिन्न खाले शब्दहरूको आवश्यकता अनुसार प्रयोग बढी मात्रामा पाइन्छ (शर्मा, २०५० : ३९)

**(ङ) शैली**

कथाकारको अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ । भाषिक एकाइहरूको विशिष्ट र सौन्दर्यपरक प्रयोग हुँदा शैलीको जन्म हुन्छ । कथामा मुख्यतः वर्णनात्मक र विवरणात्मक शैलीको प्रयोग गरिन्छ । साहित्यमा शैली भन्नाले सामान्य अभिव्यक्ति मात्र नभएर विशिष्ट अभिव्यक्ति भन्ने बुझिन्छ । त्यस्तो विशिष्ट रचनाको प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । जसमा भाषिक एकाइको सौन्दर्य बोधक समुच्यता हुन्छ र भाषा एवं विषयका दृष्टिबाट बिचलन हुन्छ (शर्मा २०५० :४२ ) । ढुंगेलका अनुसार शैलीलाई यसरी वर्गीकरण गर्दछन् - समयका आधारमा - परम्परागत र आधुनिक र भाषाका आधारमा - काव्यात्मक, वर्णनात्मक, व्याख्यात्मक र वैज्ञानिक( ढुंगेल, २०६४: ८) । साहित्यमा विशेष गरी कथामा शैलीको वर्गीकरण मोहनराज शर्माका अनुसार निम्न आधारमा गरिएको छ -

(१) कालका आधारमा - वीरकालीन, भक्तिकालीन, श्रृङ्गारकालीन, मेराफिजिकल र अर्जियन शैली ।

(२) तहका आधारमा - उच्च, मध्यम र सामान्य शैली ।

(३) भाषाका आधारमा - सूचनात्मक, व्याख्यात्मक, काव्यात्मक र बैज्ञानिक शैली ।

(४) प्रयोगका आधारमा - समास र पत्रकारिता शैली ।

**(च) संवाद**

संवादको प्रयोग कथावस्तुलाई अगाडि बढाउन, वातावरण र पात्रलाई जीवन्त बनाउनका निमित्त गरिन्छ । कथामा पात्रहरूका वीच हुने कुराकानी र पात्रका आ-आफ्नै मनमा हुने कार्यव्यापार र क्रियाकलापको प्रस्तुतिलाई संवाद भनिन्छ । संवादको प्रयोगले कथालाई रोचक, सरल र सरस बनाउन सहयोग पुग्छ । कथामा विस्तार गरिएका घटनाहरूलाई संवादकै माध्यमले व्यक्त गर्न सकिन्छ । एउटै पात्रका विभिन्न स्थिति र अवस्थाका बीच

संवादात्मक अवस्थाको सिर्जना हुन्छ । अतः एकलापीय संवाद शैलीको प्रगोग गरेर पनि कथा लेख्ने गरेको पाइन्छ । कहिलेकाही कतिले त संवादलाई कथाको तत्वका रूपमा स्वीकार नगरेको स्थिति पनि पाइन्छ । जे होस् संवादको प्रयोगले कथावस्तुलाई अघि बढाउन, वातावरण प्रष्ट्याउन र पात्रलाई जीवन्त तुल्याउनको निमित्त गरिन्छ । यसलाई कथोपकथन पनि भनिन्छ । संवाद  पात्रको सामाजिक र बौद्धिक स्तर अनुसारको हुनु पर्दछ ।

**(६) उद्देश्य**

कथाकारले कथाका माध्यमबाट पाठकका सामु प्रस्तुत गर्न खोजेको सन्देश नै उद्देश्य हो । कथामा उद्देश्यको निर्धारण गर्दा युगसापेक्ष पाठकीय प्रवृत्तिलाई समेत ध्यान पु-याउनु पर्दछ । कथाकारले सत्यको उद्घाटन गर्ने, अनुभूतिलाई देखाउने चरित्रको चित्रण गर्ने र समयसापेक्ष विचार प्रस्तुत गर्ने आदि जस्ता उद्देश्यहरू मध्ये कुनै उद्देश्य छनोट गरी सकेपछि कथा सिर्जना गर्दछ । नीति, चेतना,  सुधारवादी भावना, यथार्थबोध, मनका विभिन्न भावहरूको वर्णन, सौन्दर्यात्मक प्रभाव, आनन्द आदि कथाका उद्देश्य  हुन सक्दछन् ।

मोहनराज शर्मा कथा जुन प्रयोजनका लागि लेखिएको हुन्छ, त्यस प्रयोजनलाई उद्देश्य भन्दछन् । कथाको मुख्य उद्देश्य वा प्रयोजन शिक्षा दिनु, आनन्द दिनु, मनोरञ्जन दिनु, यथार्थ प्रकट गर्नु आदि हुन भन्दछन् । शर्मा साहित्यको पूर्वीय प्रयोजनको वर्गीकरण निम्नानुसार हुने बताउँदछन् :-

(१) प्रमुख - प्रीति, आनन्द र रसानुभूति,

(२) व्यावहारिक प्रयोजन - धर्म, अर्थ, मोक्ष र शिक्षा,

(३) वैयक्तिक प्रयोजन - कृपापात्र, देवस्तुति, व्याधिरक्षा र धनार्जन,

(४) आन्तरिक प्रयोजन - कीर्ति र यश ।

**(ज) दृष्टिबिन्दु -**

कथाको कथन गर्ने वा भन्ने पद्धतिलाई कथनपद्धति भनिन्छ । त्यहि कथनपद्धतिलाई नै दृष्टिबिन्दु नामले चिनिन्छ । कथाकारले कुनै एउटा विषयमा कथावस्तुलाई प्रस्तुत गरिएको वा गरिने दृष्टिकोण हो । कथामा दृष्टिबिन्दु  कथावाचकको अवस्थिति वा कथा भन्ने कोण पनि हो । कुनै पनि कथाकारले पात्रका कार्यकलापको वर्णन गर्दा अँगाल्ने पद्धति हो ।

दृष्टिबिन्दुका माध्यमबाट कथा भन्ने को हो र कसले कथा भनिरहेको छ भन्ने कुरा स्पष्टसँग छुट्याउन सकिन्छ । दृष्टिबिन्दुको सम्बन्ध कथावस्तु र चरित्रसित रहेको हुन्छ । दृष्टिबिन्दु मुख्यतः आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ :-

(क) आन्तरिक दृष्टिबिन्दु

कथाको प्रस्तुति प्रथम पुरुष(म, हामी) शैलीमा गर्नु आन्तरिक दृष्टिबिन्दु हो । कथाको पात्र प्रथम पुरुषको रूपमा हुने हुनाले यसमा आफ्नो हृदयको सम्पूर्ण कुराहरू दर्शाउन सक्ने, अर्काको मनस्थितिबाट पोल पनि खोल्ने र चित्रकारी शैलीमा परिवेशको प्रस्तुति गर्न सक्ने क्षमता त्यस किसिमको दृष्टिबिन्दुबाट पाइन्छ ।

(ख) बाह्य दृष्टिबिन्दु

कथाको प्रस्तुति तृतीय पुरुष (उ, उहाँ आदि) शैलीमा गर्नु बाह्रय दृष्टिबिन्दु हो । कथाको पात्र तृतीय पुरुषको रूपमा हुने हुनाले कथाकारले सबै पात्रहरूको मनभित्र स्वतन्त्र रूपमा अवलोकन गर्न सक्ने अवस्था रहेको हुन्छ ।

माथि उल्लिखित तत्वहरूमध्ये सबै कथामा सबै तत्वहरूको एकै किसिमले प्रयोग भएको पाइदैन । कुनै कथामा कुनै तत्वको बढी प्रयोग हुन्छ त कुनै कथामा कुनै तत्वको कम वा गौण रूपमा प्रयोग पनि हुन सक्छ । यस आधारमा पनि कथाका तत्वहरूलाई सूक्ष्म तत्व र स्थूल तत्व गरी दुई प्रकारमा मोटामोटी रूपमा विभाजन गर्न सकिन्छ । सूक्ष्म तत्व अन्तर्गतशैली, उद्देश्य, दृष्टिबिन्दु, संवाद आदि पर्दछन् अनि स्थूल अन्तर्गत कथानक, चरित्र र वातावरण पर्दछन् ।

## २.४ लेखाइ सीप र कथा विधा

### २.४.१ लेखाइ सीप

भाषाका चार वटा सीपहरू हुन्छन् । जसमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ । यी चार वटै सीपहरू एक अर्कासँग अन्तरसम्बन्धित र परिपूरक पनि छन् । एउटा सीपको अभावमा अर्को सीप अधुरो र अपुरो नै रहने हुँदा कुनै एउटा मात्र सीप सिकाउने क्रममा अर्को सीपको पनि प्रयोग हुने हुन्छ । भाषा सिकाइका चार वटै भाषा शिक्षणका क्रममा उत्तिकै महत्वपूर्ण स्थान रहेको देखिन्छ । तर यहाँ कथालेखन क्षमताको अध्ययन /विश्लेषण गरिंदै हुनाले यी चार सीपहरू मध्ये लेखाइ सीपको चर्चा गरिन्छ ।

भाषाका चार सीपमध्ये लेखाइ एउटा महत्वपूर्ण सीप हो । कुनै व्यक्तिले आफूले सुनेका, देखेका, अनुभव गरेका तथा अन्तरनिहित विचार, भाव आदि जस्ता कुरालाई भाषाका माध्यममबाट लिपिबद्ध गर्नु नै लेखाइ हो । कथ्य भाषालाई अभिलेखका माध्यमबाट व्यक्तिमा निहित सम्पूर्ण ज्ञान, भाव आदिलाई सुरक्षित र चिरस्थायी बनाउन लेखाइ सीप चाहिन्छ । कथ्य भाषाले मात्र भाषिक व्यवहार नचल्ने हुँदा लेख्य अभिव्यक्तिको आवश्यकता भएको हो । त्यसैले भाषा शिक्षणका सन्दर्भमा लेखाइ सीप महत्वपूर्ण मानिन्छ । आफ्नो मन-मस्तिष्कमा दविएर सुसुप्त रूपमा रहेका भावना, वेदना, कल्पना एवम् विचारलाई लिपिचिन्हहरूको प्रयोगद्वारा सिलसिला मिलाइ लेख्नुलाई लेखाइ भनिन्छ । लेखाइ सीप लेखनकलासँग सम्बन्धित सीप हो । जसका माध्यमले आफ्ना मनमा लागेका स्वतन्त्र विचार, भाव, अनुवभहरू, दृष्टिकोण दीर्घकालसम्म सुरक्षित र अरु समक्ष सार्वजनिक गर्न सकिन्छ । लेखाइ सीपको विकास गराउने क्रममा आफूले अनुभव गरेका कुराहरूलाई प्राथमिकताका साथ अगाडि बढाउने क्रममा चित्रवर्णन,  अनुलेखन, श्रृतिलेखन, चिठीलेखन, साराँशलेखन, प्रतिवेदनलेखन, कवितालेखन, अनुच्छेदलेखन, निबन्धलेखन, कथालेखन जस्ता लेखनकलासँग सम्बन्धित क्रियाकलापहरू गराइन्छ । ती मध्ये पनि कथालेखनले त झनै ठूलो सहयोग पु-याउँछ । अतः कथालेखनमा घटनाहरूको वर्णन आदि, मध्य र अन्त्यको खास शृङ्खलाबद्ध क्रममा मिलाएर लेख्नु पर्ने हुन्छ ।

## २.४.२ लेखाइ शिक्षणको महत्व र आवश्यकता

सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ, बोलाइ र पढाइका अपेक्षामा तल्ला तहमा लेखाइको कम प्रयोग भए पनि यसको अपरिहार्यता अस्वीकार गर्न चाहिँ मिल्दैन । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ शिक्षणको आवश्यकता दैनिक व्यावहारिक कार्यमा चिठी, लेनदेन,टिपोट आदि कार्यमा र जागिर तथा व्यापारिक कार्यमा समेत छ । त्यसैले दैनिक जीवनमा लेखाइ शिक्षणको आवश्यकता तथा महत्व देखिन्छ ।

लेखाइको महत्व त्यतिबेला हुन्छ, जतिबेला वक्ताले बोलेको कुरा स्रोताले सामुन्ने बसेर सुन्न सक्दैन । त्यस समयमा वक्ताका अभिव्यक्तिलाई लेखाइका माध्यमबाट लिपिबद्ध गरी सुरक्षित राख्नु पर्ने हुन्छ । त्यस्तै कुनै वक्ताले बोलेका कुरा सर्वसाधारणका लागि सम्बोध्य

गराउन तथा सम्बोध्य व्यक्ति भएमा लेखाइको आवश्यकता टड्कारो रूपमा देखिन्छ । त्यसै गरी लेखाइ शिक्षितहरूको भाषिक कार्यकलाप भएकाले कतिपय स्थितिमा अभिव्यक्तिगत जटिलतालाई व्यक्त गर्ने माध्यम पनि बनाउँछ । वास्तवमा लेखाइ शिक्षण गर्नु भनेको शिक्षितहरूलाई अभिव्यक्ति गर्ने बोलाइ भन्दा बेग्लै माध्यमको विकास गरिदिनु हो । उनीहरूलाई अभिव्यक्तिको उक्त छुट्टै माध्यमको उपयोगबाट हुने फाइदाहरू दिलाउन सक्नु नै लेखन शिक्षणको महत्व र आवश्यकता परेको हो ।

तहगत रूपमा हेर्दा प्राथमिक तहका लागि लेखाइ केवल आभ्यासिक क्रियाकलाप मात्र हुनसक्छ भने निम्न माध्यमिक तहमा यसले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्दछ । प्राथमिक र निम्न माध्यमिक तह पार गरिसकेका विद्यार्थीहरूबाट निम्न माध्यमिक तथा उच्च शिक्षाका लागि पूर्व आभ्यासिक कार्य गर्ने हुँदा यस तहमा लेखाइ शिक्षणको आवश्यकता पर्न गएको हो । त्यस बाहेक विद्यार्थीलाई विभिन्न कार्यकलापमा सरिक गराएर लेखाइ सीपको विकास गराउन सकिन्छ । सृजनात्मक लेखनका अभ्यासका लागि र सामान्य व्यावहारिक तथा व्यक्तिगत कार्य सम्पादन गर्नका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव नहुने भएकाले बालकलाई दक्ष बनाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ (लामिछाने, २०६५:१३१ ) ।

लेखिएका कुराबाट समाजलाई प्रशस्त फाइदा पुग्दछ । लेखाइ वैयक्तिक साथै सामाजिक आवश्यकता पनि हो । लेखिएका कुराबाट समाजलाई प्रशस्त लाभान्वित गराउन सकिन्छ । पत्राचारका माध्यमबाट हामी विभिन्न व्यक्तिसँग सम्पर्क राख्छौ अथवा आपसमा विचारको आदान प्रदान गर्छौ । वास्तवमा लेखाइले सम्प्रेषणको बुहत्तर अवसर उपलब्ध गराउँछ । लेखाइ अनुभव, भावना र ज्ञानको प्रचार, प्रसार एवं संभार गर्ने माध्यम पनि हो (अधिकारी, २०६२:११०) । यसबाट पनि लेखाइ शिक्षणको महत्व स्पष्ट हुन आउँछ ।

## २.४.३ लेखाइ सीपको विकासमा कथालेखनको स्थान

भाषिक सीपको विकासमा लेखाइ सीपको स्थान उच्च रहन्छ । निवेदनलेखन, अनुलेखन, अनुभवलेखन, घटनावर्णन, अनुच्छेदलेखन, संवादलेखन, निबन्धलेखन, चिठीलेखन, साराँशलेखन, श्रुतिलेखन आदि जस्तै कथालेखनको माध्यमबाट पनि लेखाइ सीपको विकास गराउन सकिन्छ । पाठ्यपुस्तकमा राखिएका कथाहरू शब्दभण्डार र बोध क्षमताको विकासका लागि विशेष गरेर उपयोगी देखिएका छन् । यसका साथै पाठ्यपुस्तकका

कथाहरूलाई नमूना मानी वा आधार बनाई विद्यार्थीहरूलाई विभिन्न भाषागत ज्ञान र व्याकरणसँग समेत परिचित गराउन र त्यसको उचित अभ्यासबाट लेखाइ सीपलाई परिष्कृत र परिमार्जित गर्न, गराउन सकिन्छ । भाषा प्रयोगका दृष्टिले कथामा अन्य गद्य विधाका अपेक्षामा विविधता पाइन्छ र यसमा विषयवस्तुगत सघनता कम हुने भएकाले लेखाइ सीप र व्याकरण तत्वहरूको पहिचान र अभ्यासका लागि सजिलो सामग्रीको रूपमा लिइन्छ । त्यस्तै गरी कथा लिखित अभिव्यक्तिका माध्यमद्वारा विद्यालयका तल्ला तहदेखि नै स्तर सुहाउँदा सान्दर्भिक शीर्षकको चयन गरी उपयूक्त उखान टुक्का एवम् वाक्यपद्धतिहरूको प्रयोग गराउन अभ्यासका लागि पनि उत्तिकै उपयोगी देखिन्छ । यसरी हेर्दा लेखन सीपको विकासमा कथालेखनको स्थान उच्च रहेको पाइन्छ ।

लेखाइ निर्देशनात्मक,  स्वतन्त्र र सृजनात्मक प्रकृतिका हुन सक्छन् । यी तीनवटै लेखाइ सीपका लागि कथालेखनले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । निर्देशित लेखन भन्नाले लेखनसँग सम्बन्धित विभिन्न नियम तथा पक्षमा जोड दिएर लेखिने लेखनलाई निर्देशित लेखन भनिन्छ । कुनै खास निश्चित बुँदाहरूका आधारमा कुनै खास उद्देश्य प्राप्तिका लागि निर्देशित लेखनको कार्य गरिन्छ । सम्बन्धित विषयका ज्ञाता वा विशेषज्ञका निर्देशनलाई स्वीकार गरी कुनै खास रचनाको अभ्यासमा अभ्यासरत रहेर लेखिने लेखाइ नै निर्देशित लेखाइभित्र पर्दछ । यसरी निश्चित खास बुँदाका आधारमा सार्थक लेख तयार गर्ने खालको लेखाइ क्षमताको विकास गराउन निर्देशित कथालेखनले सहयोग गर्दछ । यसका साथै बुँदाहरूका मुख्य-मुख्य कुरा बुझी मूलभावलाई समेट्ने गरी रचना तयार गर्नलाई निर्देशित कथालेखनले मद्दत गर्दछ ।

लेखाइ सीपको विकास गर्न मद्दत गर्ने अर्को महत्वपूर्ण लेखाइ अन्तर्गत स्वतन्त्र रूपले लेख्नु नै स्वतन्त्र लेखन हो । कुनै खास विषयमा केन्द्रित भएर स्वतन्त्रतापूर्वक लिखित अभिव्यक्ति दिने लेखाइ नै स्वतन्त्र लेखन हो । निर्देशित लेखनको जस्तो पूर्वनिश्चित बुँदाभित्र सीमित रहनु पर्ने बाध्यात्मक स्थिति रहँदैन । तोकिएको विषय शीर्षकमा स्वतन्त्रतापूर्वक विचारहरू प्रवाहित गराउन सकिने यस किसिमको लेखाइमा लेखकले आफ्नो अनुभवका अतिरिक्त सुनेका, देखेका कुरालाई अनियन्त्रित तरीकाले व्यक्त गर्दछ । लेखन सीपका विकास गर्नका लागि शीर्षक दिएर लेखन लगाइने स्वतन्त्र कथालेखनले ज्यादै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैगरी व्यक्तिले आफ्ना अनुभवहरूलाई मौलिकताका, कलात्मकता प्रदान गर्दै काल्पनिक वेग मारेर नबीनताकासाथ प्रस्तुतीकरण गर्नु नै सृजनात्मक लेखन हो ।

सिर्जनात्मक लेखनभित्र साहित्यिक र साहित्येत्तर दुवै लेखन पर्ने हुनाले र स्वतन्त्रतापूर्वक आफ्ना विचार तथा  दृष्टिकोणहरू अरु समक्ष पु-याउने हुँनाले यस प्रकारको लेखनको महत्व उच्च रहेको छ । विभिन्न सिर्जनात्मक कथालेखनको उद्देश्य कुनै विषयमा केन्द्रित रही सिर्जनात्मक रूपमा भावुक, विचार र विषयवस्तुलाई प्रस्तुत गर्नु हो ।

यसरी समग्रमा कथालेखन (निर्देशित, स्वतन्त्र र सृजनात्मक) लेखनकलाको महत्वपूर्ण कार्यकलापका रूपमा लिइन्छ । प्राथमिक, निम्न निम्न माध्यमिक तथा माध्यामिक तहमा यी विभिन्न प्रकारका कथालेखन अभ्यास गराई लेखन क्षमताको विकासमा टेवा पुग्ने देखिन्छ । अतःलेखाइ सीपको विकासमा कथालेखनको भूमिका महत्वपूर्ण र उच्च स्थानमा रहेको हुन्छ ।

## २.४.४ विद्यालय तहमा कथा शिक्षणको प्रयोजन

लेखाइ सीपको विकासका लागि प्रयोग गरिने विभिन्न क्रियाकलाप मध्ये कथालेखनले पनि महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । विद्यालयमा कथा शिक्षण गर्दा विद्यार्थीमा बहुपक्षीय लाभ प्राप्त हुन्छ । वर्णविन्यासको शुद्धता, विराम चिह्नहरूको उपयुक्त प्रयोग, अनुच्छेद गठनमा उपयुक्तता ठाउँ छोडाई आदि जस्ता कुरामा दक्ष बनाउँदै लैजानु कथा शिक्षणको प्रयोजन हो । यसका साथै स्वतन्त्र विचार प्रकट गर्ने बनाउनु, साहित्यानुरागी बन्न प्रेरित गर्नु समेत विद्यालय तहमा कथा शिक्षणको प्रयोजन हुन सक्छ । यसका अलवा आवश्यक स्थानमा उपयुक्त शब्द, शब्दावली आदिको समुचित प्रयोग गर्न सिकाउनु पनि यसको प्रयोजन हुन सक्छ । जे होस् कथा एउटा स्वतन्त्र प्रकृतिको विधा हो । यसको शिक्षणबाट विभिन्न क्षेत्रका विविध विषय वस्तुको ज्ञान गराउन सकिन्छ । यस विधालाई भाषा शिक्षणका लागि प्रभावकारी ढङ्गबाट उपयोगमा ल्याउन सकिन्छ । मानिसको जीवन-जगत्सँग सम्बन्ध हुने हुनाले जीवन-जगत्का विषयबाट कथालाई अलग्याएर हेर्न सकिदैंन । यसरी कथाले कुनै व्यक्तिको जीवनको कुनै चरित्र वा सानो घटना वा समाजको झलकलाई प्रस्तुत गर्ने काम गरेको हुन्छ । कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पार्दछ । यसले विद्यार्थीलाई विषयप्रति परिचित हुनुका साथै जीवन दर्शन बुझ्न र ज्ञानको वृद्धिमा सहयोगीको रूपमा भूमिका गरेको पाइन्छ । कथा शिक्षणबाट विद्यार्थीलाई मानसिक सन्तुष्टि प्राप्त हुनुका अतिरिक्त कथाकथन, प्रस्तुतीकरण ढाँचा , कथाशैली र भाषिक क्षमताको वृद्धि गर्नमा मद्दत पुग्दछ । त्यसै गरी शब्दभण्डारको विकास गराउनु,

अभिव्यक्ति शैलीमा देखिने भिन्नताका बारेमा परिचित हुँदै विद्यार्थीको काल्पनिक क्षमताको वृद्धि गर्नु, पढाइमा रुचि जगाउनु कथाको प्रयोजन हो ।

कथाले व्यक्तिभित्र निहित प्रतिभालाई जगाउने, काल्पनिकता र सिर्जनशीलताको विकास गराउन सहयोग पुऱ्याउने हुनाले वर्णनात्मक शैलीको विकासका लागि महत्वपूर्ण भूमिका खेल्दछ । कथालाई कथाकथन, कथालेखन शैलीको विकासका अतिरिक्त भाषा तत्वसँग परिचित भई वाक्यपद्धति, उखानटुक्का आदिको प्रयोगका लागि भाषा शिक्षणका सन्दर्भमा उपयोगमा ल्याउन सकिन्छ र हाल ल्याइएको पनि पाइन्छ । कथाले विद्यार्थीको तर्क तथा सृजनात्मक शक्तिको विकास गराउनका अतिरिक्त कल्पना शक्ति बढाउन, चारित्रिक विकास गराउन तथा सरल, सरस र परिष्कृत भाषिक शक्तिको विकास गराउन सहयोग पुऱ्याउँदछ ।

## २.४.५ निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रममा कथा विधाको स्थान र शिक्षण प्रक्रिया

वर्तमान परिप्रेक्ष्यमा कक्षा ६-८ निम्न माध्यमिक तह मानी स्वीकार गरेको छ । अनि निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रम भन्नाले“ निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४” भन्ने बुझिन्छ । यस पाठ्यक्रमको भूमिकामा यसको उद्देश्य दर्शाउँदै यसो भनिएको छ, शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय परम्परा, सँस्कृति, सामाजिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित, देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्ने । त्यसै गरी अनिवार्य नेपाली निम्न माध्यमिक शिक्षा पाठ्यक्रम२०५५(दोस्रो संस्करण)ले निम्न माध्यमिक तहको अध्ययनको क्रममा तहगत उद्देश्यका आधारमा विषयगत उद्देश्यहरूलाई समावेश गरेको छ । विद्यालय तहको पठनपाठन कार्यमा नेपाली भाषा शिक्षणलाई महत्वका साथ राखिएको छ । यसरी यस भनाईबाट के भन्न सकिन्छ भने यस पाठ्यक्रमले नेपाली भाषाको शिक्षणमा भाषिक क्षमतालाई प्राथमिकताका साथका समावेश गरेको छ ।

निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले अनिवार्य नेपालीमा भाषिक सीप अन्तर्गत छुट्टा-छुटटै उद्देश्यहरू निर्धारण गरेको छ । लेखाइ सीपभित्र ८वटा उद्देश्यहरू राखिएको छ । ती ८ उद्देश्यहरूभित्र चौथो क्रममा लेखिएको छ । जहाँ अगाडि भनिएको छ - आफूले देखेका, सुनेका, पढेका विषय वस्तुका बारेमा लिखित वर्णन गर्न सक्नेछन् । यसरी यहाँ यी उद्देश्यले कथालेखनको सङ्केत गरेको देखिन्छ । नेपाली भाषा शिक्षण गर्ने क्रममा यस

पाठ्यक्रमले नेपाली भाषाको समसामयिक विषयवस्तुलाई समावेश गर्ने क्रममा कथा, कविता, जीवनी, निबन्ध/प्रबन्ध, चिठी, रूपक, दैनिकी, भाषातत्व/व्याकरण, शब्दभण्डार जस्ता विधाहरूको वर्गीकृत रूपमा वितरण गरेको पाइन्छ । क्षेत्रगत रूपमा हेर्दा लोककथा, ऐतिहासिक कथा र बाल मनोवैज्ञानिक कथा यस पाठ्यक्रममा समावेश गरेको पाइन्छ । यसरी क्षेत्रगत रूपमा संयोजन गरिएका कथाहरू निम्न माध्यमिक तहमा कथा विधा शिक्षणको रूपमा आएका छन् र सोही अनुरूप पाठ्यक्रम अनुसार यहाँ कथा शिक्षणका साथै कथालेखनलाई पनि प्राथमिकताका साथ स्थान दिइएको तथ्यलाई पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूमा सिर्जनात्मक अभ्यासका शीर्षकहरू दिएर कथालेखनका लागि प्रेरित गरिएको छ । यसले कथाविधा शिक्षण तथा कथालेखन शिक्षण दुवै पक्षमा पाठ्यक्रम सकारात्मक रहेको नै पाइन्छ ।

कथा शिक्षण प्रक्रियालाई अनिवार्य नेपाली निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले निम्नानुसार उल्लेख गरेको छ -कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथानात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुतः कथाशिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनु पर्छ । यस क्रममा कथाश्रवण, कथाकथन, कथा निर्माण आदि क्रियाकलाप गराउन सकिन्छ । साथै कथाका माध्यमबाट सस्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, साराँश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रृतिलेखन जस्ता कार्यकलाप गराउनु पर्दछ (२०६४:१४) भाषिक उद्देश्यको प्राप्तिको लागि सघाउ पुगोस् भन्ने हुनुबाट विधागत शिक्षणको उद्देश्यमा कथालेखन शब्द समावेश नगरिएको भए पनि कल्पना शक्तिको विकास गर्न सक्ने क्षमता भित्र कथा लेखन समाहित भएको ठहर गर्न भने अवश्य सकिन्छ । त्यसै गरी एस.एल.सी. परीक्षामा बुँदामात्र दिएर प्रश्न सोध्ने प्रचलन भएकाले कक्षामा कथालेखन गरिनुपर्छ भनेर पाठ्यपुस्तकको अभ्यास खण्डमा बुँदाका आधारमा कथालेखन गर्न सिकाउने प्रयास गरिएको छ । झट्ट सुन्दा र पढ्दा उस्तै लागे पनि कथालेखन शिक्षण र कथा विधा शिक्षण अलग-अलग कुरा हुन् । कथालेखन अन्तर्गत चित्रात्मक, अनुकरणात्मक तथा बुँदागत रूपमा कार्यकलाप गराएर कथा लेख्न लगाइन्छ भने कथा विधा शिक्षण अन्तर्गत साहित्यिक विधाका रूपमा मनोरञ्जन हासिल गर्ने, भाषा र विचार बुझ्ने, शैलीगत विशिष्टता अनुभव गर्न, बोध र कल्पना शक्तिको विकास गर्ने जस्ता सिकाइ

उपलब्धीहरू पर्दछन् । यसरी हेर्दा  निम्न माध्यमिक शिक्षा पाठ्यक्रममा कथा विधा शिक्षण तथा कथालेखन शिक्षण दुवै पक्षमा समानता पाइन्छ । पाठ्यक्रममा समावेश गरिएका मूल्याङ्कन, अङ्कभार पनि कथा विधालाई व्याकरण र शब्दभण्डार बाहेक अन्य क्षेत्रहरूमा समावेश गरिएको छ ।

## २.५ सारांश

साहित्यका विभिन्न विधामध्ये कथा एक महत्वपूर्ण विधा हो । कथाको वास्तविक विधागत स्वरूप उन्नाइस औं शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको भए पनि पूर्वीय वाङ्मयका वैदि्धक ग्रन्थहरूमा कथाको स्वरूपको झल्को पाउन सकिन्छ । यसको आधुनिक रूप चाहिँ पाश्चात्य जगत्बाट विकसित भएर आएको पाइन्छ । जसलाई पश्चिमी जगत्मा सर्ट स्टोरी नाम दिइएको छ । यो आकारमा छोटो भए पनि आफैमा पूर्ण, भरिलो र कसिलो हुन्छ । कथा कुनै निश्चित संरचनामा संरचित, प्रभावपरक, कल्पनात्मक, मानवीय मस्तिष्क र हृदयलाई आकर्षित गर्ने भाव र विचारको सुन्दर समायोजनमा अनुबन्धित, कलात्मक र आख्यानयुक्त संक्षिप्त गद्यात्मक रचना हो । जसमा पात्र, वातावरण र जीवन जगत्को सजीव चित्रणको समन्वय गरिएको हुन्छ ।

कथालाई सार्थकता प्रदान गर्न आवश्यक पर्ने विभिन्न अवयवहरूलाई कथाका तव भनिन्छ । खास गरी कथा सिर्जनाका निमित्त प्रयोग हुने तत्वहरू निम्नानुसार छन् - (क) कथानक, (ख) पात्र, (ग) परिवेश, (घ) भाषा, (ङ) शैली, (च)संवाद, (छ) उद्देश्य र (ज) दृष्टिविन्दु । यी माथि उल्लिखित तत्वहरूको उचित समन्वयबाट मात्र पूर्ण कथाको निर्माण वा लेखन गर्न सकिने भएता पनि कतिपय तत्वहरू नदेखिने वा गौण रूपमा रहने गरी पनि कथाको निर्माण वा लेखन गर्ने गरेको पाइन्छ । कथालाई सार्थक र सान्दर्भिक एवं रोचकता प्रदान गर्नका लागि यी तवच्हरूको अनिवार्य उपस्थिति उपयुक्त मानिन्छ ।

लेखाइ सीपको विकासका लागि चित्र वर्णन, अनुलेखन निबन्धलेखन आदि जस्ता धेरै क्रियाकलापहरू गराइए जस्तै कथालेखनको पनि उत्तिकै ठूलो र अहम् भूमिका रहेको हुन्छ । वक्ताले बोलेको कुरा स्रोताले प्रत्यक्ष सुन्न नसकेको अवस्थामा साथै दिनप्रतिदिन आविश्कार भएका नयाँनयाँ प्रवृत्तिको बारेमा जानकारी प्राप्त गर्न नसकेको अवस्थामा मात्र लेखाइको महत्व झल्किन्छ । त्यसैले महत्वपूर्ण लेखाइ सीपको विकासका लागि कथालेखनले अहम् भूमिका निर्वाह गर्दछ । कथालेखनबाट व्याकरणका विभिन्न कुराहरू वा विभिन्न ज्ञानहरू

सहज ढङ्गले शिक्षण गर्न सकिन्छ । वाक्यगठन, उखानटुक्काको प्रयोग गरी भाषिक व्यवहार चलाउनदेखि लिएर वाक्यसङ्गति, शब्दवर्ग आदिको अभ्यास गर्न, गराउनको लागि समेत कथालेखनले ठूलो मद्दत गर्दछ । यसरी हेर्दा लेखन सीपको विकासमा कथालेखनको उच्च स्थान रहेको देखिन्छ । त्यसैले विद्यालयका तल्ला तहदेखि नै पाठ्यक्रममा कथालेखनलाई अन्य विधाझैं समानरूपमा स्थान दिनु पर्दछ र हालको विद्यालय तहको पाठ्यक्रममा कथालेखनलाई राम्रो स्थान दिइएको पाइन्छ ।

# अध्याय- तिन

# शोध विधि

## ३.१ शोध विधि

शोध अनुसन्धानलाई बढी वास्तविक र तथ्यपूर्ण बनाउन अध्ययन विधिको आवश्यकता पर्दछ । अध्ययन विधिले शोधकार्यलाई उद्‌देश्यसम्म पुऱ्याउने कार्य गर्दछ । प्रस्तुत शोधकार्यलाई पनि उद्‌देश्यपूर्ण बनाउनका लागि यस शोधकार्यका समस्याको अनुसन्धानात्मक अध्ययनका क्रममा वर्णनात्मक, तुलनात्मक तथा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसै क्रममा पुस्तकालयीय, अवलोकन नमुना छनौट, तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण जस्ता उपविधिहरूको प्रयोगलाई पनि अपनाइएको छ ।

### ३.१.१ वर्णनात्मक अध्ययन विधि

प्रस्तुत अध्ययनको मुख्य समस्या शिक्षण विधि र कक्षाकोठामा यसको प्रयोग अवस्था नै हो । यसै समस्याको सैद्‌धान्तिक पक्षहरूको ज्ञान प्राप्तिका लागि यस विधिलाई प्रयोग गरिएको छ । वर्णनात्मक अध्ययन विधि अन्तर्गत कै पुस्तकालयीय विधिको उपयोग गरी क्षेत्रीय अध्ययनका लागि सहजता निर्माण गर्ने कार्य यस अध्ययनका क्रममा अपनाएको छ । पूर्व शोधकार्यको अध्ययनका साथसाथै प्रस्तुत शोध कार्यसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, पाठ्यपुस्तक कार्यपत्र, जर्नल, लेख आदिको अध्ययनमा वर्णनात्मक विधिको उपयोग गरिएको छ ।

### ३.१.२ क्षेत्रीय अध्ययन विधि

प्रस्तुत अनुसन्धेय समस्याको प्रकृति अनुसार यसको मुख्य अध्ययन विधि क्षेत्रीय अध्ययन विधि रहनेछ । यस अध्ययन लमजुङ जिल्ला अन्तर्गत बाग्लुङ्ग पानी गा.वि.स. लाई मुख्य केन्द्र बिन्दु बनाई अध्ययन गरिएको छ । वर्णनात्मक अध्ययन विधिले देखाएको सैद्‌धान्तिक बाटो हिँड्दै विविध सैद्‌धान्तिक पक्षको प्रमाणित गर्न क्षेत्रीय अध्ययन विधिको प्रयोगका साथमा अवलोकन तथा सर्वेक्षण उपविधिहरूको पनि प्रयोग गरिएको छ ।

## ३.२ प्रतिनिधि विद्यार्थी र नमुना छनौट

प्रस्तुत अध्ययनमा सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गराउन सम्भावना नमूना छनोट विधि अपनाइएको छ । नमूना छनोट गर्ने क्रममा लमजुङ जिल्लाको विद्यालयहरूमध्ये १० वटा सामुदायिक र संस्थागत विद्यालयहरूलाई लिइएको छ । सामुदायिक र संस्थागत विद्यालयहरूबाट फरकफरक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई छनोट गरिएको छ । यसरी छनोट गर्दा सामुदायिक ४० र संस्थागत ४० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरू छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलन

पुस्तकालयीय अध्ययन तथा अनुसन्धान र खोज पश्चात् तयार पारिएको शोधकार्यको सैद्धान्तिक ढाँचा र शोधकार्यको समस्या समाधानार्थ शोधार्थीको शोध अध्ययनलाई केन्द्रित बनाउन अध्ययन सामग्रीको आश्यकता पर्दछ । यस्ता अध्ययन सामग्रीले मुख्यतः अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई वस्तुपरक, तथ्यपरक र ठोस बनाउन सहयोग पुऱ्याउँछ । प्रस्तुत शोधकार्यलाई पनि वास्तविक र तथ्यपरक बनाउन विभिन्न अनुसन्धानात्मक सामग्रीहरूको खोज तथा सङ्कलन गरी आवश्यक मात्रामा विश्लेषण र व्याख्या गरिएको छ । यसरी सङ्कलन गरिने सामग्रीका स्रोतहरू प्राथमिक र द्वितीय दुवै प्रकारका सामग्री रहेका छन् ।

### ३.३.१ प्राथमिक सामग्री

प्रस्तुत अध्ययन शैक्षिक सत्र २०७०/०७१ मा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । अध्ययनको सीमाङ्कित क्षेत्र लमजुङ जिल्लाको विद्यालयहरूमध्ये सामुदायिक र संस्थागत गरी दुई वटा विद्यालयका कक्षा ८ मा अध्ययनरत प्रतिनिधि विद्यार्थीहरूलाई लिइएको छ ।

### ३.३.२ द्वितीय स्रोत सामग्री

प्राथमिक स्रोतबाट सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि गौण सामग्रीका रूपमा पुस्तकालयीय विधिको अवलम्बन गरिएको छ । साथै पूर्ववर्ती शोधकर्ताहरूका मिल्दा शीर्षक र शोधपत्रहरूको अध्ययन गरी उपयुक्त सामग्रीहरूलाई आवश्यकता अनुसार ग्रहण

गरिएको छ । प्राथमिक स्रोतबाट सङ्कलन गरिएका सामग्रीलाई व्याख्यात्मक र तुलनात्मक विधि प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यलाई उपयोगी र परिणाममुखी बनाउन सम्बन्धित विषय क्षेत्रका विशेषज्ञ, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह, सुझाव, मार्गदर्शनलाई पनि समुचित रूपमा सहयोग लिइएको छ ।

## ३.४ तथ्याङ्कको व्याख्या विश्लेषण

विद्यालयको शिक्षाको सहयोग लिदै संस्थागत ५ सामुदायिक ५ विद्यालयका विद्यार्थीलाई आधार बनाइएको छ । संस्थागत ५ विद्यालयका ३३८ जना र सामुदायिक विद्यालयका १३५ जना विद्यार्थी गरी जम्मा ४७३ जना विद्यार्थीमा विभिन्न पृष्ठभूमिका आधारमा ८० जना विद्यार्थीलाई छनोट गरी कथा लेख्न लगाइएको छ । तिनीहरुको उत्तर पुस्तिका सङकलन गरिएको छ । उत्तरपुस्तिका परीक्षण गरिने क्रममा शीर्षकसग सम्वन्धित विषयवस्तु, प्रस्तुतीकरण,भाषिक शुद्धता र मौलिकताका आधारमा परिक्षण गरिएको छ । लमजुङ जिल्लाको विद्यालयहरु मध्ये सामुदायिक र संस्थागत विद्यालयक गरी जम्मा ८० जना विद्यार्थीको प्राप्त तथ्याङकलाई आधार मानी सामान्य औषत निकाली विभिन्न विश्लेषण गरिएको छ ।

# अध्याय-चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

अनुसन्धानका क्रममा प्राप्त भएका तथ्यहरूलाई प्रमाणका रूपमा प्रस्तुत गर्दै उचित व्याख्या तथा विश्लेषण गरेर मात्र अनुसन्धान सफल हुने हुँदा यस अध्यायमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गरी व्याख्या विश्लेषण गरिएको छ । लमजुङ जिल्लाको विद्यालयहरूमध्ये सामुदायिक र संस्थागत विद्यालयका गरी जम्मा ८० जना विद्यार्थीहरूबाट प्राप्त भएका तथ्याङ्कलाई आधारका रूपमा राखेर शीर्षक, संवाद, मौलिकता, कथाको क्रमबद्धता, कथाको मूलभावलाई क्रमश:विषय संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धता जस्ता गुणात्मक तत्वलाई आधार मानी विश्लेषण गर्न विभिन्न विधि तथा प्रविधिहरू अपनाइ विस्तृत स्वरूप निम्न अनुसार प्रस्तुत गरिएको छ :-

## ४.१ समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्य तयार गर्नका लागि छनोटमा परेका ८० जना विद्यार्थीहरूले लेखेका उत्तरहरूका आधारमा कक्षा ८ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको कथालेखन क्षमताको विश्लेषणात्मक स्थिति यहाँ गरिएको छ ।

### ४.१.१. विषय संयोजन (शीर्षक र मौलिकता) का आधारमा

### ४.१.१.१ शीर्षक

तालिका सङ्ख्या -१

| कुल सङ्ख्या | प्रश्नको किसिम | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | निर्देशित | ७० | ८७.५ | | | | | १० | १२.५ |
| | स्वतन्त्र | ८० | १०० | | | | | | |
| | औसत | ७५ | ९३.७५ | | | | | ५ | ६.२५ |

कथालेखन क्षमताको अध्ययन गर्ने क्रममा स्वतन्त्र र निर्देशित कथालेखन गराइएको छ । जसमा निर्देशित कथालेखनमा ७० जनाले उपयूक्त शीर्षक दिएर कथा लेखेका छन् भने १० जनाले त शीर्षक नै नराखी कथालेखेको पाइयो । त्यसै गरी स्वतन्त्र कथालेखनमा ८० जनाले उपयूक्त शीर्षक राखेर कथालेखेको पाइयो ।

### ४.१.१.२ मौलिकता

तालिका सङ्ख्या -२

| कुल सङ्ख्या | प्रश्नको किसिम | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | निर्देशित | २० | २५ | | | ३० | ३७.५ | ३० | ३७.५ |
| | स्वतन्त्र | २५ | ३१.२५ | | | १० | १२.५ | ४५ | ५६.२५ |
| | औसत | २२.५ | २८.१२ | | | २० | २५ | ३७.५ | ४७ |

जुन सुकै लेख्न क्षमताको अध्ययन गर्दा मौलिक प्रस्तुतिलाई विशेष स्थान दिइन्छ । कथालेखन क्षमताको अध्ययनमा पनि व्यक्तिले प्रयोग गरेको मौलिक प्रस्तुतिलाई विशेष स्थान दिनु पर्दछ । प्रस्तुत अध्ययनमा ८० जना विद्यार्थीमध्ये निर्देशित लेखनमा २० जनाले र स्वतन्त्र लेखनमा २५ जनाले उत्तम प्रकृतिको आफ्नो मौलिक प्रस्तुतिको प्रयोग गरेको पाइएको छ । निर्देशित लेखनमा ३० जनाले सामान्य र ३० जनाले कतै-कतै मात्र मौलिकताको प्रयोग गरेको पाइयो । त्यसै गरी स्वतन्त्र कथालेखनमा क्रमशः १० जनाले सामान्य र ४५ जनाले कतै-कतै मात्र मौलिकताको प्रयोग गरेको पाइयो ।

निर्देशित कथालेखनका क्रममा विद्यार्थीहरूले प्रयोग गरेका मौलिक प्रस्तुतिको झलकलाई यहाँ प्रस्तुत गरिएको छ । " ..........श्याम र हरि छिमेकी थिए । उनीहरूको स्वभाव नमिले तापनि एक आपसमा खुब मिल्थे ।" " ..........श्याम जाँगरिलो र मिलनसार थियो त हरि बदमास, फटा स्वभावको थियो , एक दिन चोरीको अभियोगमा जेल प-यो ..........श्याम र हरि दुबैका आँखाबाट आँसु ..............बर्सिए । .............".

" ..........यो संसारमा छिनभरमा हरि जस्तै सयौ कलिला बालकहरूको भविष्य अन्धकारतिर धकेलिदै गएको भान हुन्छ । " उसले मलिन स्वरमा भन्यो .......... "

## ४.१.२ प्रस्तुतीकरणका आधारमा

### ४.१.२.१ संवाद तथा उखानटुक्का

तालिका सङ्ख्या -१

| कुल सङ्ख्या | प्रश्नको किसिम | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | निर्देशित | १८ | २२.५ | | | | | ६२ | ७७.५ |
| | स्वतन्त्र | १२ | १५ | | | | | ६८ | ८५ |
| | औसत | १५ | १८.७५ | | | | | ६५ | ८१.२५ |

निर्देशित कथा लेखनतर्फ १८ जनाले र स्वतन्त्र लेखनमा १२ जनाले उत्तम र स्वतन्त्र लेखनमा ६२ जनाले बुँदाहरूको मात्र प्रयोग गरेका छन् भने स्वतन्त्र लेखनका क्रममा चाहिँ ६८ जनाले निम्न प्रकृतिको मौलिकताको प्रयोग गरेका छन् ।

निर्देशित कथालेखनका क्रममा विद्यार्थीहरूले प्रयोग गरेका मौलिक प्रस्तुतिको झलकलाई यहाँ प्रस्तुत गरिएको छ । " ..........श्याम र हरि छिमेकी थिए । उनीहरूको स्वभाव नमिले तापनि एक आपसमा खुब मिल्थ्एँ ।" " ..........श्याम जाँगरिलो र मिलनसार थियो त हरि बदमास, फटाह स्वभावको थियो, एक दिन चोरीको अभियोगमा जेल प-यो ..........श्याम र हरि दुबैका आँखाबाट आँसु ..............बर्सिए । .............".

" ..........यो संसारमा छिनभरमा हरि जस्तै सयौ कलिला बालकहरूको भाविष्य अन्धकारतिर धकेलिदै गएको भान हुन्छ । " उसले मलिन स्वरमा भन्यो .......... "

### ४.१.२.२ कथाको क्रमबद्धता र मूलभाव

तालिका सङ्ख्या -२

| कुल सङ्ख्या | प्रश्नको किसिम | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | निर्देशित | १८ | २२.५ | | | ४० | ५० | २२ | २७.५ |
| | स्वतन्त्र | १६ | २० | | | ४५ | ५६.२५ | १९ | २३.७५ |
| | औसत | १७ | २१.२५ | | | ४२.५ | ५३.१३ | २०.५ | २५.७२ |

कथालेखनको क्रमबद्धता र मूलभावका आधारमा अध्ययन गर्दा ८० जान विद्यार्थीमध्ये निर्देशनात्मक लेखनका क्रममा १८ जनाले त्यसतर्फ ध्यान दिइएको पाइयो । ४० जनाले

चाहिँ ध्यान त दिएको तर अति सामान्य प्रकृतिको कथालेखन गरेको पाइयो भने २२ जनाले त कथालेखनको क्रम पनि नमिलाई लेखेका र मूलभाव पनि नसमेटिएको पाइयो । त्यसै गरी स्वतन्त्र लेखनतर्फ कथालेखन क्षमताको अध्ययन गर्दा १६ जनाले उत्कृष्टता प्राप्त गरेका छन् भने ४५ जनाले सामान्य स्थान र १९ जनाले निम्न स्थान हासिल गरेका छन् ।

## ४.१.३ भाषिक शुद्धता

तालिका सङ्ख्या -१

| कुल सङ्ख्या | प्रश्नको किसिम | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| ८० | निर्देशित | २० | २५ | १८ | २२.५ | २० | २५ | २२ | २७.५ |
| | स्वतन्त्र | १८ | २२.५ | २१ | २६.५ | १४ | १७.५ | २७ | ३३.७५ |
| | औसत | १९ | २३.७५ | १९.५ | २४.३८ | १७ | २१.२५ | २४.५ | ३०.६२ |

लेखाइको भाषिक शुद्धतालाई आधार मानेर हेर्दा कक्षा ८ का विद्यार्थीहरूको केही मात्रामा कमजोर स्थिति रहेको पाइयो । ८० जना विद्यार्थीमा गरिएको अध्ययनमा १९% ले मात्र भाषिक शुद्धताको प्रयोग गरेको देखियो । निर्देशनात्मक कथा लेखनमा २० जनाले शुद्धसँग कथा लेखे भने स्वतन्त्र लेखनमा १८ जनाले भाषिक शुद्धाशुद्धीमा ध्यान दिई कथा लेखेका थिए । त्यसैगरी निर्देशनात्मक कथा लेखनमा जनाले क्रमशः १८ मध्यम, २० सामान्य र २२ निम्न प्रकृतिको भाषिक शुद्धताको प्रयोग गरे भने जनाले स्वतन्त्र लेखनका क्रममा क्रमशः२१ मध्यम, १४ सामान्य र २७ जनाले निम्न भाषिक शुद्धताको प्रयोग गरेका छन् । विद्यार्थीहरूले कथा लेख्दा कर्ता, क्रिया, संगतिको मेल गराउन नसकेको अवस्था देखियो । त्यसै गरी पुरुषगत, लिङ्गगत र आधारगत त्रुटिहरू अधिक मात्रामा पाइयो । यसका साथै वर्णविन्यासगत त्रुटि त झन प्रशस्तै पाइयो । स्वतन्त्र लेखनमा निर्देशनात्मक लेखनमा भन्दा बढी गल्ती गर्ने गरेको देखियो ।

## ४.२ समग्र आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

कक्षा ८ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन विषय संयोजनमा शीर्षक मौलिकता, प्रस्तुतीकरणका आधारमा संवाद तथा उखान टुक्का र कथाको क्रमबद्धता र मूलभाव र भाषिक शुद्धताका आधारमा वर्गीकरण गरी अध्ययन विश्लेशण गरिएको छ । जसमा विद्यालयको प्रकृतिमा सामुदायिक र संस्थागत, विद्यार्थीको लैङ्गिकतामा छात्र र छात्रा र भाषिक पृष्ठभूमि अन्तर्गत रहेर नेपाली मातृभाषी (पहिलो) भाषी र नेपाली बेमात्री (दोस्रो) भाषीका आधारमा वर्गीकरण गरी समग्र रूपमा तल तालिकामा प्रस्तुत गरिएको छ ।

| कुल संङ्ख्या | समूह | | समुहगत संख्या | विषय संयोजन | | | | | | | | प्रस्तुतिकरण | | | | | | | | भषिक शुद्धता | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शीर्षक | | | | मौलिकता | | | | संवाद तथा उखानटुक्का | | | | कथाको क्रमबद्धता र मुलभाव | | | | | | | |
| | | | | उत्तम | मध्यम | सामान्य | निम्न | उत्तम | मध्यम | सामान्य | निम्न | उत्तम | मध्यम | सामान्य | निम्न | उत्तम | मध्यम | सामान्य | निम्न | उत्तम | मध्यम | सामान्य | निम्न |
| ८० | विद्यार्थीको प्रकृति | सामूदायिक | ४० | ८७.५ | | ६.२५ | ६.२५ | ४१.२५ | | ४० | १८्७५ | २७.५ | | | ७२.५ | ३१.२५ | | ४३.७५ | २५ | २७.५ | | ३८.७५ | ३३.७५ |
| | | संस्थागत | ४० | ८७.५ | | | १२.५ | ६८.७५ | | १२.५ | १८.७५ | १८.७५ | | | ८१.२५ | २२.५ | | ४३.७५ | ३३.७५ | २५ | १७.५ | ३२.५ | २५ |
| | विद्यार्थीको लैङ्गिकता | छात्र | ४० | ९३.७५ | | | ६.२५ | ४७.५ | ७.५ | २८.७५ | १६.२५ | १७.५ | | | ८२.५ | २२.५ | | ५६.२५ | २१.२५ | १७.५ | २३.७५ | ३७.२५ | २२.५ |
| | | छात्रा | ४० | ९० | | ५ | ५ | ४० | | ३५ | २५ | १७.५ | | | ८२.५ | ३१.२५ | | ४३.७५ | २५ | ३२.५ | २५.५ | २२.५ | २२.५ |
| | भषिक पृष्ठभूमी | नेपाली मातृभाषी ( पहिलो)भाषी | ४० | ८७.५ | | | १२.५ | ३१.२५ | | ४८.७५ | २० | २२.५ | | ४७.५ | ३० | २५ | | ६० | १५ | ३१.२५ | २८.७५ | २० | २० |
| | | नेपाली दोस्रोभाषी | ४० | ९३.७५ | | | ६.२५ | ३१.२५ | | ४८.७५ | २० | १७.५ | ११.२५ | ५ | ६६.२५ | १७.५ | | ६१.२५ | २१.२५ | १८.७५ | २५ | ३० | २७.२५ |

माथि उल्लिखित तालिकामा प्रतिनिधि नमूना छनोटमा परेका ४० जना विद्यार्थीको समग्र गुणात्मक पक्षहरूलाई आधार बनाएर विभिन्न समूहका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति देखाइएको छ । जस मध्ये निर्देशनात्मक र स्वतन्त्र कथालेखन दुवै प्रकृतिका गराइए पनि दुवैलाई एकै ठाउँमा राखी औसताङ्क निकाली त्यसको प्रतिशतलाई तालिकामा प्रस्तुत गरिएको छ । प्रतिशताङ्कमा राखिएको उक्त तालिकाका आधारमा समूहगत रूपमा विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी कथालेखन क्षमताको संक्षिप्त लेखाजोखा गरिएको छ । जसलाई क्रमशः तल प्रस्तुत गरिन्छ :-

सामुदायिक विद्यालयका ४० जना विद्यार्थीमा प्रस्तुत अध्ययनको परीक्षण गरिएको छ । जसमा विषय संयोजन अन्तर्गत शीर्षकलाई आधार मानेर हेर्दा उत्तम स्थिति देखिए पनि मौलिकताका आधारमा सामान्य स्थिति देखिन्छ । त्यस्तै प्रस्तुतीकरणका आधारमा कथाका लागि चाहिने संवाद तथा उखानटुक्काको प्रयोग, कथाको क्रमबद्धता तथा मूलभाव वा विचार पहिल्याउने तरिका सामान्य मात्र रहेको पाइयो । भाषिक शुद्धतामा पनि केही विद्यार्थीको राम्रो भए पनि प्रायः गरेर सामान्य स्तरको नै अध्ययनका क्रममा देखियो । वाक्यगठन नमिलेको र फितलो छ । वर्णविन्यास सम्बन्धी त्रुटिहरू प्रशस्तै रहेको पाइयो । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीको कथालेखन क्षमता सामान्य भन्दा माथि उठ्न सकेको देखिदैन ।

संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरूमा गरिएको परीक्षणमा पनि विषय संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धतालाई आधार मानी अध्ययन गरिएको छ । जसमा विषय संयोजन अन्तर्गत शीर्षकलाई आधार मानी हेर्दा स्थिति मध्यम स्तरको देखिन्छ । प्रस्तुतीकरण र भाषिक शुद्धता पनि त्यति सोचे अनुरूपको स्थिति पाइदैन । शीर्षक रखाइ राम्रो देखिए पनि अरु विषयमा भने कमजोर नै देखिन्छ । यसरी समग्र रूपमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता पनि सामान्य भन्दा माथि उठ्न नसकेको अध्ययनका क्रममा पाइयो ।

लैङ्गिक आधारमा प्रतिनिधि नमूना छनोटमा परेका ४० जना छात्र विद्यार्थीहरूलाई यहाँ जनसंख्याका रूपमा लिइएको छ । छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन विषय संयोजन, प्रस्तुतीकरण र भाषिक शुद्धताको आधारमा गरिएको थियो । विषय संयोजनका दृष्टिले शीर्षक तर्फ अत्यूत्तम देखिन्छ तापनि कल्पनाशीलता, मौलिकता, प्रस्तुतीकरणका

आधारमा संवाद तथा उखानटुक्काको प्रयोग साथै भाषिक शुद्धताका आधारमा हेर्दा मध्यम स्तरको पाइयो । यसरी समग्र आधारमा छात्रहरूको कथमलेखन क्षमता आशा गरे अनुसारको नभई सामान्य स्थिति भन्दा माथि  जान नसकेको देखिन्छ ।

अनुसन्धानको क्रममा नमूना छनोटमा परेका ४० जना छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन विषय संयोजन, प्रस्तुतीकरण र भाषिक  शुद्धतालाई आधार मानी गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा हेर्दा विषय संयोजनमा केन्द्रित रहेर शीर्षकतर्फ अत्युत्तम देखिन्छ तापनि मौलिकता, कथाको क्रमबद्धता र भाषिक शुद्धताका आधारमा अध्ययन गर्दा मौलिकता र संवाद तथा उखान टुक्काको प्रयोग कम पाइन्छ भने भाषिक शुद्धतामा केही अगाडि नै देखिन्छ । समग्रमा छात्राहरूको पनि सोचे अनुरूप नभई सामान्य स्तरको नै पाइयो ।

त्यसै गरी भाषिक पृष्ठभूमिका आधारमा पनि ४० जना नेपाली मातृभाषी (पहिलो) भाषी र ४० जना नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरू प्रतिनिधि नमूना छनोटमा परेका छन् । नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीको कथालेखन क्षमताको मूल्याङ्कन गर्दा विषय संयोजनमा शीर्षकको रखाइ उत्तम देखिए तापनि कल्पनाशीलता, प्रस्तुतीकरण र भाषिक शुद्धताका आधारमा त्यति राम्रो नतिजा पाइएन । नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थी भएकाले नेपाली भाषामा अरु भाषीको तुलनामा अगाडि हुन्छन् भन्ने मानिन्छ तर कथालेखन क्षमताको अध्ययनका क्रममा प्राप्त नतिजाका आधारमा त्यस्तो स्थिति पाइएन । किनकि साहित्यिक विधागत संरचनामा बाँधिएर निश्चित नियममा आबद्ध रहेर सिर्जना गरिने हुँदा कठिन हुँदो रहेछ भन्ने कुरा यो अध्ययनका क्रममा पाइयो ।

यसै गरी नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूलाई आधार मानी अध्ययन गर्दा शीर्षक उत्तम छ तर मौलिकता सामान्य स्तरको देखिन्छ । जसमा विषय संयोजनका आधारमा हेर्दा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूको अवस्था पनि सोचे अनुरूप नभई सामान्य स्तरको पाइयो । प्रस्तुतीकरणका क्रममा पनि कथाको क्रमबद्धता र मौलिकता पनि निम्न स्तरको नै देखिन्छ । भाषिक शुद्धाशुद्धीमा पनि प्रशस्तै त्रुटिहरू पाइयो । जसमा वाक्यगठन, वर्णविन्यास, वचन र कालगत प्रशस्त त्रुटि भेटिन्छ । यसरी समग्रमा रहेर अध्ययन गर्दा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीको कथालेखन क्षमता निम्न स्तरको पाइयो ।

यसरी समग्रमा रहेर अध्ययन गरी निचोडमा भन्दा सबै विद्यार्थीहरूको कथालेखन क्षमतामा एकरूपकता नभई फरकफरक क्षमता पाइयो । तर विभिन्न आधारमा गहिरिएर हेर्दा त्यति धेरै अन्तर चाहिँ देखिदैन र एउटै क्षमता पनि नभई सबै समूहमा फरकपन छ भन्न सकिन्छ ।

## ४.३ सारांश

यस अध्ययनको उद्देश्य कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको व्याख्या विश्लेषण गर्नु रहेको छ । जस अन्तर्गत मूलभूत रूपमा निम्न लिखित शीर्षकहरूमा व्याख्या विश्लेषण गरिएको छ :-

(१) समग्र विद्यार्थीको कथालेखन क्षमताको स्थिति,

(२) सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति,

(३) संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,

(४) नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,

(५) नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,

(६) छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,

(७) छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन ।

प्रस्तुत व्याख्या विश्लेषणबाट कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमतालाई अध्ययन गर्दा शीर्षक रखाइमा सबैको अवस्था राम्रो देखियो । मौलिकता, संवाद तथा उखानटुक्काको प्रयोग र कथाको क्रमबद्धता र मूलभावमा भने विद्यार्थीको प्रस्तुतीकरणको अवस्था कमजोर पाइयो । भाषिक शुद्धतामा पनि प्रशस्तै गल्ती गरेको र त्यति सचेत भएर चिन्हको ख्याल नगरी कथालेखन गरेको पाइयो । समग्रमा कक्षा ८मा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको स्तर सोचे अनुरूप सन्तोषजनक नभएको पाइयो ।

प्रस्तुत अध्ययन अनुसन्धानका क्रममा के प्रष्ट देखिन्छ भने विद्यार्थीहरू विधागत अध्ययनमा उत्साहित भए पनि विधागत लेखनतर्फ भने त्यति चासो नराखी निरुत्साहित

रहेको पाइयो । कथालेखन प्रक्रियाको प्रस्तुति गर्ने तरिका वा ढाँचा सम्बन्धी केही विद्यार्थीहरू सक्षम  भएतापनि प्रायः गरेर अधिकांश विद्यार्थीहरू यस प्रति अपरिचित वा अनभिज्ञ रहेको पनि देखिन्छ । यसरी विद्यार्थीहरूमा यस्तो अन्योलताको अवस्था सिर्जना हुनुमा अव्यवस्थित शिक्षण सिकाइ क्रियाकलाप, अदक्ष एवम् तालिम अप्राप्त शिक्षकले शिक्षण गरिरहनु प्रमुख कारक तत्व रहेको अड्कल सहजै स्वीकार गर्न सकिन्छ ।

## ४.४ सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना

### ४.४.१ विषय संयोजनका आधारमा

**(क) शीर्षक ( सामुदायिक र संस्थागत )**

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ४० | ३५ | ८७.५ | | | २.५ | ६.२५ | २.२५ | ६.२५ |
| संस्थागत | ४० | ३५ | ८७.५ | | | | | ५ | १२.५ |

**(ख) मौलिकता**

तालिका सङ्ख्या -२

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ४० | १६.५ | ८१.२५ | | | ११ | ४० | ७.५ | १८.७५ |
| संस्थागत | ४० | २७.५ | ६८.७५ | | | ५ | १२.५ | १० | १८.७५ |

## ४.४.२ प्रस्तुतीकरणका आधारमा

### (क) संवाद तथा उखानटुक्का

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ४० | ११ | २७.५ | | | | | २५ | ७२.५ |
| संस्थागत | ४० | ७.५ | १८.७५ | | | | | ३५.५ | ८१२५ |

### (ख) कथाको क्रमबद्धता र मूलभाव

तालिका सङ्ख्या - २

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ४० | १२.५ | ३१.२५ | | | १७.५ | ४३.७५ | १० | २५ |
| संस्थागत | ४० | ९ | २२.५ | | | १७.५ | ४३.७५ | १३.५ | ३३.७५ |

## ४.४.३ भाषिक शुद्धताका आधारमा

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ४० | ११ | २७.५ | | | १५.५ | ३८.७५ | २१ | ३३.७५ |
| संस्थागत | ४० | १० | २५ | ७ | १७.५ | १३ | ३२.५ | ८ | २५ |

प्रस्तुत अध्ययनमा माथिका तालिकामा प्रतिनिधि नमूना जनसङ्ख्याका रूपमा छनोटमा परेका सामुदायिक विद्यालयका ४० र संस्थागत विद्यालयका ४० गरी दुवै समूहका ८० जना आएका छन् । समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययनका क्रममा शीर्षक तर्फ उत्तम ८७.५% र निम्न १२.५% देखिन्छ भने संस्थागत विद्यालयको विद्यार्थीहरूको शीर्षकमा तर्फ उत्तम ८७.५%, सामान्य ६.२५% र

निम्न ६.२५% देखिन्छ । त्यस्तै सामुदायिक विद्यालयतर्फ मौलिकतामा ८५% उत्तम, सामान्य २७.५% र१८.७५% निम्न देखिन्छ भने संस्थागत विद्यालयतर्फ उत्तम ६८.७५%, सामान्य १२.५% र निम्न २५% देखिन्छ। यसरी सामुदायिक र संस्थागत विद्यालयको विषय संयोजनलाई आधार मानी तुलना गर्दा सामुदायिक विद्यालय तर्फको स्थिति केही राम्रो पाइएता पनि दुवैको अन्तरचाहिँ त्यति धेरै देखिदैन । त्यस्तै अवस्था प्रस्तुतीकरण र भाषिक शुद्धतामा पनि पाइन्छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीको कथालेखन क्षमता संस्थागत विद्यालयको भन्दा केही राम्रो हुनुको कारण संस्थागत विद्यालयमा अङ्ग्रेजी माध्यमलाई नै भाषा बनाई नेपाली भाषाप्रतिको बेवास्ता वा कम ध्यान दिएर हुन सक्छ।

## ४.५ भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी (पहिलो) भाषी तथा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना

### ४.५.१ विषय संयोजनका आधारमा

(क) **शीर्षक**

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी (पहिलो) भाषी | ४० | ३५ | ८७.५ | | | | | ५ | १२.५ |
| नेपाली बेमात्री (दोस्रो) भाषी | ४० | ३७.५ | ९३.७५ | | | | | २.५ | ६.२५ |

## (ख) मौलिकता

तालिका सङ्ख्या - २

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी (पहिलो) भाषी | ४० | १८.५ | ३१.२५ | | | १० | ४८.७५ | ११.५ | २० |
| नेपाली बेमात्री ( दोस्रो) भाषी | ४० | १२.५ | २१.२५ | | | १९.५ | ४८.७५ | ८ | २० |

# ४.५.२ प्रस्तुतीकरणका आधारमा

## (क) संवाद तथा उखानटुक्का

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी (पहिलो) भाषी | ४० | ९ | २२.५ | | | १९ | ४७.५ | १२ | ३० |
| नेपाली बेमात्री ( दोस्रो) भाषी | ४० | ७ | १७.५ | ४.५ | ११.२५ | २ | ५ | २६.५ | ६६.२५ |

### (ख) कथाको क्रमबद्धता र मूलभाव

तालिका सङ्ख्या - २

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी (पहिलो) भाषी | ४० | १० | २५ | | | २४ | ६० | ६ | १५ |
| नेपाली बेमात्री ( दोस्रो) भाषी | ४० | ७ | १७.५ | | | २४.५ | ६१.२५ | ८.५ | २१.२५ |

### (ग) भाषिक शुद्धता

तालिका सङ्ख्या - १

| समूह | सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी (पहिलो) भाषी | ४० | १२.५ | ३१.२५ | ११.५ | २८.७५ | ८ | २० | ८ | २० |
| नेपाली बेमात्री ( दोस्रो) भाषी | ४० | ७.५ | १८.७५ | १० | २५ | २४ | ३० | १०.५ | २७.२५ |

उपर्यूक्त तालिकाहरूमा भाषिक पृष्ठभूमिको आधारमा प्रतिनिधि नमूना जनसंख्याका रूपमा नेपाली मातृभाषी (पहिलो) भाषी ४० जना र नेपाली बेमात्री (दोस्रो) भाषी ४० जना विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक पहिचान गरी तथ्याङ्क लिइएको छ । समष्टिगत रूपमा तालिकामा हेर्दा शीर्षक र संवाद तथा उखानटुक्काको प्रयोग, कथाको सिलसिला तथा मूलभाव र भाषिक शुद्धतातर्फ पनि समूहगत रूपमा हेर्दा नेपाली बेमात्री ( दोस्रो) भाषी विद्यार्थीको कथालेखन क्षमता भन्दा नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीको कथालेखन क्षमता केही राम्रो भएको पुष्टि हुन्छ ।

## ४.६ सारांश

तुलनात्मक अध्ययन गर्ने क्रममा निम्नलिखित तीन वटा आधार तयार गरी गरिएको थियो ।

(१ ) विद्यालयको प्रकृति (२ ) भाषिक पृष्ठभूमि र (३) लैङ्गिकता । यी प्रत्येक आधारलाई दुई /दुई समूहमा विभाजन गरी छ वटा समूहमा तुलना गरिएको थियो । जस अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयका बीचमा, नेपाली मातृभाषी (पहिलो) भाषी र नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीका बीचमा र छात्र र छात्राका बीचमा तुलना गरिएको थियो ।

प्रस्तुत तुलनात्मक अध्ययनबाट के कुरा छर्लङ्ग हुन्छ भने कुनै क्षेत्रमा एउटा समूह अगाडि छ त कुनै क्षेत्रमा अर्को समूह अगाडि रहेको छ । यसरी सबै क्षेत्रका प्रत्येक समूह मध्ये कोही समूह केही अगाडि त कोही केही पछाडि भएतापनि समग्र रूपमा अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थी संस्थागत विद्यालयका विद्यार्थी भन्दा अग्र स्थानमा रहेको, नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थी, नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थी भन्दा अगाडि रहेको र छात्र छात्रा भन्दा कुनै क्षेत्रमा थोरै भए पनि अगाडि रहेको तथ्य अध्ययनका क्रममा पाइयो ।

# अध्याय - पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत शोधपत्रमा कक्षा ८ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गरी निम्नलिखित निष्कर्ष निकालिएको छ -

### ५.१.१ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको मूल्याङ्कनात्मक निष्कर्ष र सुझावहरू

(क) कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता ८७.५ प्रतिशत भन्दा माथि उठ्न नसकेको देखिन्छ ।

(ख) कक्षा ८ मा अध्ययनरत विद्यार्थीमा भाषाको लिखित अभिव्यक्ति क्षमता वाक्यगठन, कथाको क्रमबद्धता, भाषिक शुद्धाशुद्धी निम्न स्तरको रहेको देखिन्छ ।

(ग) कथालेखन क्षमताभित्र पनि स्वतन्त्र कथालेखन भन्दा निर्देशनात्मक कथालेखन क्षमता पूर्व जानकारी एवम् प्रष्ट निर्देशन भएको हुँदा केही राम्रो भएको देखिन्छ ।

(घ) कथालेखनका क्रममा विषय संयोजनका आधारमा अवस्था सामान्य भए पनि प्रस्तुतीकरण र भाषिक शुद्धताका दृष्टिले ज्यादै कमजोर भएको पाइन्छ ।

### ५.१.२ सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन

### क्षमताको तुलनात्मक स्थितिको मूल्याङ्कनात्मक निश्कर्ष

(क) सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको मूल्याङ्कन गर्दा कथाको शीर्षक

(क) राख्नेको संङ्ख्या उत्तम देखिए पनि कथाका आवश्यक घटकहरू र भाषिक शुद्धता हेर्दा विद्यार्थीको क्षमता सन्तोषजनक पाइएन ।

(ख) संस्थागत विद्यालयका विद्यार्थीको कथालेखन क्षमता पनि सामान्य स्थितिबाट माथि उठ्न नसकेको देखिन्छ ।

(ग) शीर्षकको रखाइ, संवाद तथा उखानटुक्काको प्रयोग र कथाको क्रमबद्धता तथा मूलभाव समेट्ने जस्ता कुरामा सामुदायिक विद्यालयका विद्यार्थी केही अगाडि देखिन्छन् भने मौलिकता र भाषिक शुद्धतामा भने संस्थागत विद्यालयका विद्यार्थीको क्षमता राम्रो देखिन्छ ।

(घ) समग्रमा संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको कथालेखन क्षमता केही सन्तोषजनक रहेको देखिन्छ ।

## ५.१.३ नेपाली मातृभाषी (पहिलो) भाषी र नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीको कथालेखन क्षमताको तुलनात्मक स्थितिको मूल्याङ्कन निष्कर्ष र सुझावहरू

(क) नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमतालाई हेर्दा सोचे अनुरूपको राम्रो स्थिति पाइदैन । कथामा शीर्षकको रखाइ र प्रयोग राम्रो गरे पनि अन्य क्षेत्रमा सामान्य स्थिति नै रहेको छ ।

(ख) नेपाली बेमात्री (दोस्रो) भाषी विद्याथीको शीर्षकको प्रयोग र अन्य क्षेत्रमा सामान्य प्रकृतिको प्रस्तुतीकरण देखिन्छ ।

(ग) विषय संयोजन (शीर्षक र मौलिकता), प्रस्तुतीकरण(संवाद, उखानटुक्काको प्रयोग क्रमबद्धता र मूलभाव) तथा भाषिक शुद्धता गरी तीनवटै आधारमा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीको क्षमता केही बढी भएको पाइयो ।

(घ) संक्षेपमा नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीको भन्दा नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीको कथालेखन क्षमता राम्रो देखिन्छ ।

## ५.२ सुझाव

यस अध्ययन पश्चात निकालिएको निश्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

(१) जुन सुकै कथालेखन गराउनु भन्दा पूर्व स्पष्ट मार्ग निर्देशन दिएर मात्र कथालेख्न लगाउनु पर्दछ ।

(२) कथालेखनका क्रममा निर्देशनात्मक र स्वतन्त्र लेखन दुवै प्रकृतिका कथालाई समान महत्व दिनु पर्दछ ।

(३) नेपाली  भाषा शिक्षणका क्रममा लिखित अभिव्यक्ति शिक्षणलाई विशेष जोड दिनु पर्दछ ।

(४) संस्थागत विद्यालयमा अंग्रेजी माध्यममा नै शिक्षण गर्ने हुनाले नेपाली शिक्षणलाई वेवास्ता

गर्ने र अंग्रेजी शिक्षणलाई बढवा दिने प्रवृत्तिको अन्त्य गरी नेपाली भाषा शिक्षणलाई महत्व दिनु पर्दछ ।

(५) भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा लिखित अभिव्यक्तिमा विकास हुने खालका प्रशस्त नमूना अभ्यास समावेश गरिनु पर्दछ ।

(६) पाठ्यपुस्तकमा लेखन सीपको विकास अभिवृद्धि गर्ने खालका सान्दर्भिक पाठहरू समावेश गरिनु पर्दछ ।

(७) भाषा पाठ्यपुस्तकको निर्माण गर्दा स्तर सुहाउँदा निर्देशनात्मक लेखन र स्वतन्त्र लेखन दुवैलाई समान रूपमा समावेश गर्नु पर्दछ ।

(८) कथालेखन क्षमताले लेखाइ सीपको विकासमा महत्वपूर्ण स्थान ओगट्ने हुँदा कथा शिक्षणमा कथालेखन सम्बन्धी प्रशस्त क्रियाकलापमा जोड दिई विद्यार्थीहरूलाई सक्रियताका साथ सहभागिता गराउनु पर्दछ ।

(९ विद्यालय तहमा नेपाली पाठ्यक्रम निर्माण गर्दा कथा विधा शिक्षणका साथै कथालेखन शिक्षणलाई पनि प्राथमिकता दिनु पर्दछ ।

(१०) नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूलाई लिखित अभिव्यक्तिकलाको शिक्षण गर्दा नेपाली मातृभाषी (पहिलो) भाषी विद्यार्थीलाई भन्दा बढी ध्यान पु-याउनु पर्दछ ।

(११) समय समयमा विद्यालय तहमा समय सान्दर्भिक र स्तर अनुकूल कथालेखन प्रतियोगिता आयोजना गरेर विद्यार्थीहरूलाई कथा लेख्न प्रेरित गर्दै कथालेखन क्षमताको विकास गराउनु पर्दछ ।

(१२ कथालेखन क्षमताको विकास गराउनका लागि नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथामा मात्र सीमित नरही विभिन्न साहित्यिक पत्रपत्रिका, पुस्तकहरू पढ्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्दै विद्यालयका पुस्तकालयमा प्रशस्त विभिन्न विधाका लेखकका पुस्तकहरू र सिर्जनात्मक क्षमताको विकास हुने खालका पत्रपत्रिकाको व्यवस्था गरिनु पर्दछ ।

(१३) निम्न माध्यमिक तहका साथै एस.एल.सी. परीक्षामा समावेश गरिने नेपाली विषयको प्रश्नपत्रमा कथालेखन सम्बन्धी प्रश्नलाई ऐच्छिक नगरी अनिवार्य गरिनु पर्दछ ।

(१४) वर्तमान  निम्न माध्यमिक पाठ्यपुस्तकमा युग सापेक्ष सान्दर्भिक कथाहरू समावेश गरिनु पर्दछ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अनुसन्धानका निश्चित सीमाहरू हुने हुनाले एउटा अनुसन्धानले कुनै पनि विषय वा क्षेत्रको सम्पूर्णताको अभिव्यक्ति गर्न सक्दैन । अनुसन्धान दिनप्रतिदिन थप नयाँनयाँ कुराको खोजीमा निरन्तर अघि बढिरहन्छ । त्यसैले प्रस्तुत अध्ययन पश्चात् अनुसन्धान गर्न सकिने सम्भावित शीर्षकहरू तल उल्लेख गरिन्छ :

(१) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन ।

(२) कक्षा दश पूरा गरेका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन ।

(३) निम्न माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन ।

(४) प्रमाणपत्र तह पूरा गरेका नेपाली मातृभाषी (पहिलो) भाषी र नेपाली बेमात्री (दोस्रो) भाषी विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन ।

(५) कक्षा ८ मा अध्ययनरत पहाड र तराईका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन ।

(६) कक्षा दश पूरा गरेका विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी हेमाङ्गराज, (२०३९), **नेपाली भाषा शिक्षण**, काठमाडौं :पाठ्यक्रम विकास केन्द्र त्रि.वि. ।

…………(२०४६), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**,काठमाडौंःनेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

गौतम, रामप्रसाद, (२०६१), **भाषिक अनुसन्धान विधि**,काठमाडौं : साझा प्रकाशन ।

ढुङ्गेल,भोजराज र दुर्गाप्रसाद दाहाल, (२०५८), **नेपाली कथा र उपन्यास**,काठमाडौंः एम के पब्लिक्स एण्ड डिस्ट्रिब्युटर्स ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), **निम्न माध्यमिक शिक्षा पाठ्यक्रम भाग १,** सानोठिमी भक्तपुर ।

वराल, ऋषिराज, (२०५७), **नेपाली कथा भाग -३**, ललितपुरः साझा प्रकाशन ।

भण्डारी, पारसमणि(२०६४), **स्नाकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौः न्यु हिरा बुक्स ।

लम्साल, रामचन्द्र र अन्य (२०६३), **नेपाली शिक्षण निर्देशिका कक्षा नौ,** सानोठिमी जनक शिक्ष सामग्री केन्द्र, भक्तपुर ।

लामिछाने, यादवप्रकाश, (२०६३), **नेपाली कथा र उपन्यास**, काठमाडौं : आठराई प्रकाशन ।

………(२०६५), **नेपाली भाषा शिक्षण परिचय**, काठमाडौ :विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल,माधवप्रसाद (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा मोहनराज, (२०५०), दोस्रो संस्करण) **कथाको विकास प्रक्रिया**, ललितपुर : साझा प्रकाशन ।

……… (२०४८), **सृजनात्मक लेखन र आख्यान विधा**, काठमाडौं : सृजनात्मक लेखन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

………. र खगेन्द्रप्रसाद लुइटेल, **नेपाली गद्य र भाषा साहित्य**, ललितपुरः साझा प्रकाशन ।